वर्ष : १७, अंक : २७, काठमाडौं, २०७८ कार्तिक ५ गते शुक्रबार, 22 October 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

# धानको पकेट क्षेत्रमा किसानको बिचल्ली

## केन्द्रलाई मतलबै छैन, प्रदेश सरकार योजनाविहीन

काठमाडौं । मधेशलाई अन्नको भण्डार मानिन्छ तर त्यहि अन्नको भण्डारमा बेमौसमी अविरल वर्षाले अन्नबाली सखाप पार्दा संघ र प्रदेश सरकारसँग कुनै योजना छैन । अन्नको भण्डार मानिने मधेशका जिल्लाहरूमा अहिले बेमौसमी अविरल वर्षाका कारण खेतमा धान डुबेको छ । किसानले धान काटेर खेतमा सुकाए पनि धान थन्क्याउन नपाउँदा नै वर्षाले सबै धान सखाप पारेको छ ।

दसैं सकिएलगत्तै धान भित्रयाउन खेत पस्नुपर्ने किसान बेमौसमी वर्षाले समस्यामा परेका छन् । निरन्तर वर्षाले खेतमा बाला झुलेर काट्न तयार भएका धानका बोट लडेर पानीमा डुबेका छन् भने काटेर भित्रयाउन ठिक्क पारेको धान खेतमै डुबेको छ । समयमै मल, बीउ र सिँचाइको असुविधाबीच पनि यस वर्ष नियमित वर्षा भएकाले उत्पादन बढ्ने आसमा रहेका किसानलाई बीउ नै मासिने चिन्ता बढेको छ । वर्षामा डुबान र कटानको समस्या झेल्दै आएका किसानलाई बेमौसमी वर्षाले धान खेतीको लगानीसमेत नउठ्ने चिन्ता थपेको छ ।

बेमौसमी वर्षाका कारण प्रदेश २ का सबैजसो जिल्लामा धान बालीमा क्षति पुगेको छ । नियमित वर्षाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएका बेला परेको आकस्मिक पानीले धान बालीमा क्षति पुर्‍याएको छ ।

किसानले धान काटेर सुकाउन खेतमा राखेका थिए । कतिपयले खेतमै काटेको धान थुपारेर कुन्यु बनाएका थिए । घर आँगनमा पनि काटेको धान थुपारेका थिए । खेत र आँगनमा थुपारेको धानसमेत भिजेको किसान बताउँछन् ।





कृषि ज्ञान केन्द्र धनुषाको अनुसार धनुषामा कुल ७६ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये ६५ हजार ५ सय ४० हेक्टर जग्गामा धान खेती हुने गरेको छ । गत वर्ष धनुषामा प्रति हेक्टर ४ मेट्रिक टन धान उत्पादन भएको र यस वर्ष धान उत्पादन करिब १५ प्रतिशत बढ्ने आकलन गरिएको थियो । तर अहिले धान काटेर भित्रयाउने बेलामा पानीले डुबाएको हुँदा क्षति पुग्ने अवस्था सिर्जना भएको छ ।

त्यसैगरी महोत्तरीमा ३५ हजार ५ सय हेक्टरमा धान खेती हुने गरेको छ । धान काटेर खेतमा राखेपछि अचानक परेको अविरल वर्षाले महोत्तरीका किसान अन्नको संकट बढ्ने आशंकाले पिरोलिएका छन् ।

धानको मुख्य पकेट क्षेत्र मानिने प्रदेश २ मा ३ लाख ६५ हजार ६ सय १५ हेक्टरमा धान रोपाइँ हुन्छ । प्रदेशअन्तर्गतका ८ वटै जिल्ला धानको पकेट क्षेत्र हो ।

जसमध्ये पनि धनुषा जिल्लामा सबैभन्दा धेरै ६५ हजार ५ सय ४० हेक्टरमा धान खेती हुन्छ । सप्तरीमा ५१ हजार ३ सय ४१, सिराहामा ४८ हजार ५ सय ८० र सर्लाहीमा ४८ हजार २ सय २९ हेक्टर जमिनमा धान खेती हुन्छ ।

यस्तै पर्सामा ४४ हजार १ सय ७ हेक्टर, बारामा ४३ हजार २ सय ३ हेक्टर, रौतहटमा ३८ हजार ६ सय १९ र महोत्तरीमा ३५ हजार ५ सय हेक्टरमा धान खेती हुने गर्छ ।

प्रदेश २ को प्रमुख अन्न बाली रहेको धान प्रभावित भए यसले राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा

## अन्नदाताहरूको पीडामा सक्दो सहयोग गरौं



काठमाडौं । बेमौसमी वर्षाका कारण किसानहरूमा परेको पीडा र मारमा सबै नेपालीले सक्दो सहयोग गर्न प्रदेश नं. २ का निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले आग्रह गरेका छन् । बेमौसमी भारी वर्षाका कारण अर्बौंको धानबाली नष्ट भएको छ भने ८८ जनाको ज्यान गएको र कैयौं जना बेपत्ता भएका छन् । यस्तो पीडाको घडीमा सबै नेपालीले सहयोग र सद्भाव देखाउनुपर्ने डा.अहिराजले बताएका हुन् । यसबाट सबभन्दा बढी मारमा किसानहरू परेकाले नेपालीहरूले सहयोग गर्नुपर्ने धारणा राखेका छन् । डा.अहिराजले प्रभावित क्षेत्रहरूमा अनुगमन गर्दै एक भिडियो सन्देश जारी गरेका छन् । उनले भनेका छन्, 'यी पीडामा म थुप्रै किसानहरूसँग भेटें, खेतबालीमा गएँ, उहाँहरूको आँखाभरि आँशु छन् । किसानहरूको परिवारमा एक खालको पीडा, भविष्यको चिन्ता, भोलि के खाने, लालाबालालाई कसरी पाल्ने, जीवन कसरी धान्ने भन्ने पीडामा छन् ।'

बाँकी अन्तिम पृष्ठमा

## विपद् जोखिम व्यवस्थापनमा सरकारको ध्यानै गएन : डा.सुमन कुमार कर्ण



अन्तर्वार्ता पृष्ठ ३ मा

# जनमत पार्टीले गरे खानेपानीका निमित्त प्रमुखमाथि दुर्व्यहार

जनकपुरधाम । डा सीके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताहरूले खानेपानी तथा ढल निकास कार्यालय जनकपुरधामका निमित्त प्रमुखलाई कुटपिट गर्दै अर्धनग्न अवस्थामा नगर घुमाएका छन् ।

वर्षाको पानी ढल निकास भएर बग्न नसकेको भन्दै जनमत पार्टीका नेता तथा कार्यकर्ताहरूले गुण्डाशैलीमा खानेपानी तथा ढल निकास कार्यालय जनकपुरधामका निमित्त प्रमुख राजेश कुशवाहालाई कुटपिट गर्दै नगर परिक्रमा गराएका हुन् ।

जनकपुरधाममा जनमत पार्टीले देखाएको गुण्डागर्दी शैली चारैतिरबाट विरोध भएको छ । दुई दिनको अविरल वर्षाले जनकपुरधाम जलमग्न



भएको थियो । ढल निर्माणमा अनियमितता भएकोको कारण नगर जलमग्न भएको भन्दै जनमत पार्टीका कार्यकर्ताहरूले गुण्डागर्दी शैली प्रदर्शन गरेको स्थानीयको भनाइ छ ।

जनमत पार्टीका नेता तथा कार्यकर्ताहरूले लाठी भ्रट्टाको बलमा कुशवाहालाई जबरजस्ती कार्यालयबाट बाहिर निकालेर कुटपीट गर्दै जनकपुरधामको रामानन्द चोकदेखि नगर परिक्रमा गराएका थिए ।

उनीहरूले कुशवाहाको लुगा च्यात्नुका साथै मुखमा नालामा रहेको हिलो दलेर अर्धनग्न अवस्थामा कुटपिट गर्दै नगर घुमाएका थिए । उनीहरूले 'साइकल चोर देश छोड', 'भ्रष्ट मेयर चाहिँदैन' लगायतका नारा लगाएका थिए ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले जनमत पार्टीका १० जना कार्यकर्तालाई पक्राउ गरिएको धनुषा प्रहरीले जनाएको छ ।

# नयाँ पोलिटिकल न्यारेटिभ बनाउने पूर्वराजाको प्रयास



जयप्रकाश गुप्ता

पूर्वराजा ज्ञानेन्द्र शाहले "नेपालजस्तो मुलुकमा प्रजातन्त्रबिनाको राजसंस्था र राजसंस्थाबिनाको प्रजातन्त्र सान्दर्भिक नहुने आफूले बोध गरेको" बताएका छन् ।

जो कोहीले, यदि तथ्यगत रूपमा आधुनिक नेपालमा (बिस ०७ साल देखि ०६३ सम्म) राजतन्त्रको अध्ययन गरेको छ- तिनलाई यस कुराको बोध हुनुपर्छ कि राजतन्त्रले कहिल्यै पनि प्रजातन्त्रलाई आत्मसात गरेन ।

राजा महेन्द्रले पंचायती व्यवस्थालाई प्रजातान्त्रिक भन्न बिभिन्न नामाकरणबाट सादृश्य देखाउने प्रयास गरे। हावा पानी र माटो सुहाउँदो, आधारभूत प्रजातन्त्र, पंचायती प्रजातन्त्र, मोडेल डेमोक्रेसी, लोक सम्मतिको व्यवस्था आदि सबै शब्दावलीले प्रजातन्त्रको मूल मान्यता "बहुदलीय व्यवस्था" लाई पूर्णतः अस्वीकार गरेको प्रमाणित छ ।

यस अर्थमा आज बडा दशैंको उपलक्ष्यमा पूर्व राजाले भनेको कुरा पूर्ण रूपेण गलत र ऐतिहासिक तथ्यको अप व्याख्या हो। स्पष्ट हुन्छ कि ज्ञानेन्द्र शाह इतिहासको तथ्यहीन व्याख्या गरेर, नयाँ पुस्तालाई भ्रमित पारेर, वर्तमान सत्ता संचालकहरूको बिफलताको उपयोग गरि धमिलो पानीमा माछा मार्न खोजेको हो ।

राजसंस्थाको मूलतः प्रजातन्त्र बिरोधी चरित्रलाई बुझेर पूर्व पंचहरूले बिस २०४८ पछि 'राष्ट्रिय प्रजातन्त्र पार्टी' खडा गरेका थिए। अध्ययन र तथ्यको खोज तलास गर्नेले थाहा पाउने छन कि राप्रपाका संस्थापकहरूले 'संवैधानिक राजतन्त्र' लाई स्वीकारेका थिए। र तेस बेला संसदका सबै भन्दा ठूला दल नेपाली काँग्रेसले बिधानतः संबैधानिक राजतन्त्रलाई मानेको थियो। यदि तत्कालिन राजतन्त्र बस्तुतः 'राजा सहितको प्रजातन्त्र' को पक्षमा रहेको भए संसद भित्रका संबैधानिक राजतन्त्रका पक्षधर शक्तिहरूलाई सबल बनाउन सहयोग गर्नु पर्थ्यो। तर तत्कालिन राजा र पछिका ज्ञानेन्द्र शाहले तेसो गरेन। राप्रपा जो राजाको हित चाहन्थ्यो, यसलाई समेत राजाले क्षत बिक्षत पार्यो। राप्रपाको हरेक बिभाजनमा राज दरबार सक्रिय रहेर कालिदासको आफु बसेकै रूखको हाँगा काटने नीति कथालाई चरितार्थ गर्यो। नेपाली काँग्रेसको बिभाजनलाई हौस्यायो।

यदि तत्कालिन राप्रपाका नेताहरूमा थोरै पनि इमान्दारिता छ भन्ने तिनले भन्न सक्नु पर्दछ कि तेस बेलाको मध्य पश्चिमांचल क्षेत्रका जिल्लाहरूबाट शुरू भएको 'जनमोर्चा' को हिंसक वारदातहरूलाई राजाको निर्देशनबाट तिनीहरूले सहयोग गरेका थिए। जनमोर्चालाई हतियार दिएका थिए।

यस हिंसक अभियानको प्रारम्भिक उद्देश्य नै सदूर पश्चिमांचल र मध्य पश्चिमांचलबाट नेपाली कांग्रेसको प्रभावलाई समाप्त पार्नु थियो र राजाका मानिसहरूले खास गरी राप्रपाका 'ठकुरी बाबु साहेब'हरूले जनमोर्चालाई सहयोग गरेका थिए। यसलाई नियन्त्रण गर्न तत्कालिन नेपाली काँग्रेसको सरकारले चालेको 'किलो शेरा-टु' अभियानलाई रोक्न राजा बीरेन्द्रले प्रधान मंत्रीलाई दबाव दिएका थिए भने संसदमा 'एमाले-जनमोर्चा र राप्रपा' को गठबन्धन बनेको थियो। यदि सत्य र तथ्यसंग दुष्टता भएका कसैलाई मेरो यस भनाई प्रति असहमति छ भने 'किलो शेरा टु' मा प्रहरी ज्यादतिको छानबिन गर्न बनेको संयुक्त संसदीय छानबिन समितिको प्रतिवेदनमा एमाले-जनमोर्चा र राप्रपाको राय पढे हुन्छ ।

बिस २०४८ मा माओवादीको फ्रन्टल अर्गेनाईजेशन जनमोर्चा संसदीय निर्वाचनमा भाग लिएको थिए। संसदमा उल्लेखनीय स्थान पाएको थियो। माओवादीले संसदीय सरकार गठन भएको २ बर्ष नबित्दै संसदीय व्यवस्थाको बिरूद्ध शसस्त्र जनयुद्ध शुरू गर्यो। तेती बेला, संसद गठन भएको २ बर्ष न बित्दै संसदीय व्यवस्था असफल भयो भने आवाज मुलुकमा कहिंकतै उठेको थिएन। यथार्थ के हो भने तेस बेलाको राजदरवार, राप्रपा, एक हदसम्म एमाले र माओवादीको गठबन्धनले काँग्रेसलाई समाप्त पार्न राजनीतिक उद्यम शुरू गर्यो र कालान्तरमा परिणामतः राजतन्त्र समाप्त भयो।

पूर्व राजा ज्ञानेन्द्र शाहले बुझ्नु पर्दछ कि उनमा इतिहासको गलत बोध छ वा उनले नयाँ 'पोलिटिकल न्यारेटिभ' बनाउन खोजेका हुन्।



## सम्पादकीय

# पानीमा बगेको किसानको पसिना

यस हप्ताको सुरूमा बेमौसमी वर्षाले मधेशसहित देशै भर कल्पनै नगरेको कहर मच्चाएको छ। बाढी, पहिरोबाट जनधनको ठूलो क्षति भएको छ। मेची-महाकाली, हिमाल-मधेश सबैतिर यो कुबेलाको वर्षाले जनतालाई ठूलै विपत्तिमा पारेको छ। सरकारी संयन्त्र अपेक्षाकृत सुस्त र संवेदनहीन छ। विगतको अनुभवका आधारमा भन्ने हो भने विपत्तिका बेलामा पनि पीडितको आवश्यकताभन्दा आआफ्नो स्वार्थमा बढी ध्यान दिन्छ।

यसपटक अधिकांश पीडितहरू दोहोरो विपत्तिमा परेका छन्। विशेषगरी मधेशमा पाकेको धान भित्रयाउने बेलामा पानीले नराम्री भिजाएको छ भने कतिपयको घरवासमेत बगाएको छ। यसैले यसपटक पीडितहरूको उद्धार र पुनःस्थापनासँगै सरकारले भित्रयाउन बेलाको बाली गुमाउने किसानलाई क्षतिपूर्ति पनि दिनुपर्ने अवस्था उत्पन्न भएको हो। तीनै तहका सरकारले समन्वय गरेर पीडितहरूलाई बेलैमा उद्धार र पुनःस्थापना गर्नुपर्छ। सरकारी कोषबाट कहिले कहीँ पीडितलाई सहयोगभन्दा बढी रकम निरीक्षणका नाममा ठूलाबडाले खर्च गर्ने गुनासो सुनिदैआएको छ। यसपटक त्यस्तो गुनासो सुन्न नपरे हुन्थ्यो। हवाई निरीक्षणमा

> मूलतः जलवायु परिवर्तनका कारण अहिलेको समस्या उत्पन्न भएको हो। तर, विश्वका दुई ठूला प्रदूषकका बीचमा रहेको नेपालले चाहँदैमा जलवायु परिवर्तनको प्रभाव रोक्न खासै केही गर्न सक्तैन।

खर्चिने रकम र साधन पीडितको प्रत्यक्ष सहयोगमा लगाइयोस्। कोभिडले थला पारेको अर्थतन्त्र अझै बौरिसकेको छैन। त्यसमाथि यस वर्ष थपिएका प्राकृतिक विपत्तिले अर्थतन्त्र थप कमजोर हुनेछ। यस्तो अवस्थामा सरकारले कर्मचारीतन्त्रको कुरा सुनेर कन्जुस्याइँ गर्नु जनता र देशको अर्थतन्त्रका लागि प्रत्युत्पादक हुन्छ।

केही वर्षसम्म अन्न निर्यात गर्ने मुलुक समग्रमा मात्र होइन 'अन्नको भण्डार' मानिने नेपालको मधेश समेत चामल आयात गर्नुपर्ने अवस्था छ।

यस्तो अवस्थामा सरकारले दिने अनुदान किसानका लागि अर्थहीन हुँदैगएको छ र अन्न, सागपातजस्ता मौसमी बाली लगाउने किसान खेतीबाटै विस्थापित हुँदैछन्। यही क्रम चलिरहे केही वर्षमै नेपालले भीषण भोकमरीको सामना गर्नुपर्ने हुनसक्छ।

मूलतः जलवायु परिवर्तनका कारण अहिलेको समस्या उत्पन्न भएको हो। तर, विश्वका दुई ठूला प्रदूषकका बीचमा रहेको नेपालले चाहँदैमा जलवायु परिवर्तनको प्रभाव रोक्न खासै केही गर्न सक्तैन। यसैले नेपालले आफूलाई अनुकूल हुनेगरी त्यसको सामना गर्ने रणनीति अपनाउनुको विकल्प देखिँदैन।

कुनै प्राकृतिक कारणले बाली नोक्सान भए पनि किसानलाई क्षति नहुने एउटा उपाय कृषि बीमालाई व्यापक र सहज बनाउनु हुनसक्छ। यसैगरी मौसम विज्ञानमा भएको प्रगतिले धेरै हदसम्म मौसम पूर्वानुमान गर्न सकिने भएको छ। तर, बेलैमा किसानसम्म जानकारी पुग्ने संयन्त्र र अभ्यास छैन। मौसमको सही सूचना सकेसम्म चाँडै किसानसम्म पुग्ने व्यवस्था गर्नु पनि उत्तिकै आवश्यक छ। पाकेको धान खेतैमा डुबे पनि किसान डुब्नु भएनन। आखिर किसानलाई राज्य चाहिन्छ।

# गरिबी निवारण दिवस र हाम्रो राजनीति

**विचार - विश्लेषण** भाग-११०



उपेन्द्र झा

> देश माफियाको हातमा छ। अर्थ संकलन गर्न प्रोत्साहन गर्ने नेपाली कांग्रेस, एमाले र माओवादीले नै माफियाको जन्म दिएको हो। अकूत सम्पति जम्मा गरी राजनीतिक दलहरूलाई आवश्यकताअनुसार सहयोग गर्ने दलहरूको छुट्टाछुट्टै माफियाका झुण्ड तयार भएका छन्। यी माफियाहरूको पार्टीगत विभाजन रहेपनि पैसा कमाउन, बाँडीचुँडी खान एकै पंक्तिमा बसी शासन चलाउँछन्।

१७ अक्टुवरमा संसारले गरिबी निवारण दिवस मनाइराख्दा नेपालले पनि आफ्नो मर्यादा पालन गऱ्यो। तर के नेपालले गरिबी निवारणको सरकारी तथ्यांकमा केही प्रगति गऱ्यो ? यो प्रश्न सरकारका लागि ठूलो चुनौती बनेको छ।

देश दशकौंदेखि महामारीसँग जुधिरहेको छ। कहिले स्वेच्छाचारी सरकारको एजेण्डाविहीन राजनीतिको महामारी, कहिले माओवादी युद्धको महामारी, भूकम्प, बाढी पहिरोको प्रकोप, दुई वर्षदेखि कोरोनाको प्रकोप, अहिले पाकेको धान भित्र्याउने बेलामा बेमौसमी बाढीले क्षति पुऱ्याएको अवस्था यी सबै महामारीमा नेपाली जनता नै पिल्सिएका छन्। एक्लै, सहाराहीन, कोही रोएर, चिच्याएर, कोही मौन आफ्नो दुर्दशा भोग्दै छन्।

देशमा अहिले लगातार वर्षा भइरहँदा काटिएर खेतमा राखेको धानबाली बगायो, बस्ती घर बगायो, मानव क्षति भयो। खेतमा पानी जम्नाले पाकेको धान अंकुरित भयो। यही महामारीबीच सरकारले राहतको घोषणा पनि गरेको छ। गरिबी निवारण दिवस पनि मनाएको छ। क्षतिको शताँश भाग पनि राहतमा हुँदैन। सरकारले राहत घोषणा गरेर जिम्मेवारी घोषणा गरेर आफ्नो नैतिकता बचायो तर के दुई-चार दिनको मलहमले जनताको घाउ निको हुन्छ।

यसपाली धान उत्पादन अनुकूल मौसम थियो। विगत वर्षहरूको तुलनामा यस वर्ष किसान बढी उब्जनीमा खुशी मनाइरहेका थिए। बेमौसमी अविरल वर्षाले सबै बगाएर लग्दा हात लाग्दै गरेको परिश्रमको फल खोसिएको छ। काटिएको धान घर भित्र्याउनुभन्दा पहिले बाढीले लगिरहेको हृदयविदारक दृश्यलाई हेर्दै किसान डाँको छाडेर रोइरहेका अनेकौं ठाउँको दृश्य हेरेर भर्खरै मनाइएको गरिबी निवारणको औचित्य के रह्यो ?

पोहोर कोरोनाको कहरले बेरोजगार श्रमिकहरूलाई संघसंस्थाले भात खुवाउन थालेपछि सरकारले आफ्नो बेइज्जति भयो भनेर संघसंस्थालाई टुँडीखेलबाट लखेटेको सबैले हेरेका छन्। दिनहुँ ७ सय जनालाई भोजन गराउने संस्थालाई लखेटेर सरकारले के साबित गर्न खोजेको थियो, केही बुझिएन।

पोहोरकै कुरा हो। कोरोनाको बढ्दो प्रकोपमा भारतको उद्योगधन्दा बन्द हुन लाग्दा लाखौंको संख्यामा विस्थापित मजदूरहरू घर जानका लागि बाहिर निस्कियो। छिमेकी मित्रराष्ट्र भारत सरकारले त्यहाँका संघसंस्थाले व्यक्तिले ट्रेन, बस, ट्रक, लारी आदिको बन्दोवस्त गरी महिनौं लगाएर श्रमिकहरूलाई घर पुऱ्यायो। नेपालका श्रमिकहरू पनि घर आए। आफूले ल्याएको खाएर भोकभोकै कति बस्ने भनेर त्यस्तो कोरोनाको जोखिमपूर्ण अवस्थामा ती मजदूरहरू महिला, बालबालिकासहित पुनश्चः भारततिर जाने लर्को सञ्चार माध्यमले सबैले हेरे। राहत प्रदान गर्न सरकार कति उत्साही छ, त्यसको ठूलो उदाहरण हामीले देख्यौं।

देशको ६० लाख युवा विश्वको श्रम बजारमा मजदूरी गर्न बाध्य छन्। सरकार यसलाई गौरव ठान्दछ। बजेट बराबरको रेमिट्यान्स पाएर रमाउने सरकार आफ्नो देशको उद्योगधन्दा कसरी चलाउनेबारे खासै चिन्ता छैन। आफ्नो विरूद्ध आन्दोलन गर्ने युवाहरू विदेश गए नै राम्रो यस्तो सोच राख्ने हाम्रा राजनीतिक दलहरूबाट देशको के प्रगति हुने ? भएको पनि छैन।

विदेशबाट आएका कृषि मजदूरहरू सीप हासिल गरी आफ्नै पैसाले कृषि फर्म चलाउँदा सरकारले तिनको उद्योगमा आइपर्ने बाधाहरूलाई हटाउने सहयोग गर्नुपर्ने अवस्थामा व्यवस्थापन प्रक्रियालाई झन् जटिल बनाएर असफल गराउने जस्ता अनेकौं घटनाहरू सुनिन्छ।

सरकारले त्यस्तो उद्यमीलाई प्रोत्साहित गर्दैन। माफियाबाट सञ्चालित उद्यमीहरू मात्र सरकारी सुविधा पाउँछन्। यहाँ हरेक क्षेत्र माफियाको कब्जामा छ। बाँकी बचेको राजनीतिक दलहरूको कब्जामा छन्। सरकारमा भएका दलहरूका पहिलो पंक्तिका चाटुकारहरूले सरकारी जुनसुकै सुविधा उपभोग गर्छन्। त्यहीं दलका दोस्रो, तेस्रो पंक्तिका कार्यकर्ताले पाउँदैन।

देश माफियाको हातमा छ। अर्थ संकलन गर्न प्रोत्साहन गर्ने नेपाली कांग्रेस, एमाले र माओवादीले नै माफियाको जन्म दिएको हो। अकूत सम्पति जम्मा गरी राजनीतिक दलहरूलाई आवश्यकताअनुसार सहयोग गर्ने दलहरूको छुट्टाछुट्टै माफियाका झुण्ड तयार भएका छन्। यी माफियाहरूको पार्टीगत विभाजन रहेपनि पैसा कमाउन, बाँडीचुँडी खान एकै पंक्तिमा बसी शासन चलाउँछन्। जो कोहीको सरकार आए पनि यी माफियाबिना कुनै काम अगाडि बढ्दैन।

गत वर्ष कोरोना वैक्सिन भारतबाट मंगाउन सरकारी स्तरबाट सम्झौता हुँदा माफियाले कमिशन नपाइ व्यवधान खडा गरेका कारण वैक्सिन आउन ढिला भएको कुरा तत्कालीन स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले पनि अप्रत्यक्ष रूपमा उजागर गर्नु भएको थियो। सरकारले जुनसुकै योजना ल्याए पनि त्यसको कार्यान्वयन पक्ष माफियाको हातमा हुन्छ। सरकारलाई पनि पाल्ने यही माफिया हो।

प्रजातन्त्रको पुनर्स्थापना पश्चात् नेपाली कांग्रेस र एमालेको उष्मजबाट जन्मेको माफिया अहिले आफ्नो ठूलो र मजबुत सञ्जाल खडा गरेको छ। कुटनीतिक क्षेत्रमा पनि यो बलियो छ। हरेक देशका व्यापारीसँग यसको आत्मीय सम्बन्ध छ। व्यापारीले सरकारलाई घुमाउँछ। एडीबी, विश्व बैंक, जी सेवेन, जी ट्वेन्टी आदि अन्तर्राष्ट्रिय संस्थासँग सहजै पहुँच भएका यी माफियाहरू सरकारको भ्रमणमा गएर वैदेशिक सहयोग दिलाउने, आवश्यक सामान आपूर्ति गराउने आदि सम्पूर्ण काममा सरकारलाई सहयोग गर्ने क्षमता राखेकाले यिनको अभावा सरकार पंगु हुन्छ। त्यसकारण पनि आफैले बनाएको माफिया स्मारकलाई कोही भत्काउन चाहिँदैन। माफियाको काम पैसा कमाउने, सरकारलाई पाल्ने, चुनावमा मनपरी खर्च गर्ने, जितेर रजाइँ गर्ने आदि बाहेक यसको अरू कुनै काम छैन। माफियाको कब्जाबाट देशलाई आजाद नगरी यहाँ परिवर्तनका कुनै उपलब्धि भोग्न कठिन छ।

janukjha24@gmail.com

# मुसहर र डोम समुदायका २१९ जना छात्रछात्रालाई सम्मानित

काठमाडौं। नेपाल राष्ट्रिय मुसहर संघले २०७७ सालमा एसईई उत्तीर्ण गर्ने मुसहर र डोम समुदायका २१९ जना छात्रछात्रालाई सम्मान गरेको छ। चरम गरिबी, बञ्चितिकरण, अभाव र अशिक्षाको अँध्यरोमा बस्न बाध्य मुसहर र डोम समुदायबाट एसईई उत्तीर्णहरूलाई सामाजिक संस्था भोर नेतृत्वको शक्तिहिनको सशक्तिकरण अभियान र मुसहर संघले उच्च शिक्षाका लागि सम्मान गरेका हुन्।

देशभरिका मुसहर र डोम समुदायबाट एसईई उत्तीर्ण विद्यार्थीलाई जनकपुरमा आयोजित समारोहबीच अभिनेता नाजिर हुसेनले सम्मान गरेका हुन्। सोही कार्यक्रमबाट ती विद्यार्थीहरूका लागि उच्च शिक्षा अध्ययन गर्न सहयोगसमेत घोषणा गरिएको छ।

सन् २०११ मा जम्मा २ जना मुसहर बालबालिकाले एसईई उत्तीर्ण गरेका थिए। त्यसपछि बढेर अहिले त्यो संख्या २१५ पुगेको छ। बाँकी ४ जना डोम भने समुदायका हुन्। मधेसका दलितमध्ये पनि सबैभन्दा पिछडिएको समुदायका रूपमा रहेको मुसहर समुदायबाट सन् २०११ देखि हालसम्म ९२९ जना विद्यार्थीले माध्यमिक तह अर्थात् एसईई तहको परीक्षा उत्तीर्ण गरेका छन्। भोरका अध्यक्ष पचु मुसहर माझीका अनुसार सन् २०१२ मा ५ जना, ०१३ मा ७ जना, ०१४ मा ९ जना, ०१५ मा ६१ जना, ०१६ मा ९२ जना, ०१७ मा १४८ जना र ०१८ मा १६६ जना विद्यार्थीले एसईई उत्तीर्ण गरेका थिए। त्यस्तै, ०१९ मा १७२ जना र ०२० मा ५४ जना मुसहरले एसईई उत्तीर्ण गरेका थिए। भोरले विभिन्न दातृ निकायको सहयोगमा ती विद्यार्थीहरूमध्ये छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति सहयोग गर्दै आएको छ। भोरबाट छात्रवृत्ति प्राप्त गरेर पढेका विद्यार्थीहरूमध्ये अहिलेसम्म ४ जना प्रहरी र ४९ जना गैरसरकारी क्षेत्रमा आवद्ध भएका छन्।

# ४७४ जनालाई विपन्न उपचार सिफारिस

वीरगञ्ज। वीरगञ्ज महानगरपालिकाले पछिल्लो तीन वर्षमा ४ सय ७४ जना विपन्न नागरिकलाई कडा रोगको उपचारमा आर्थिक सहयोगका लागि सिफारिस गरेको छ। अर्थिक वर्ष २०७५/७६ मा ९०, २०७६/७७ मा १९६ र २०७७/७८ मा १ सय ८८ जनालाई सिफारिस गरिएको महानगरले जनाएको छ।

उनीहरूले मुटु, मिर्गौला, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाका विरामीले सिफारिस लगेका छन्। सबैभन्दा धेरै सिफारिस लैजानेमा मुटु रोगी छन्। मुटु रोगका २१४ जनाले विपन्न नागरिक उपचार सहायताको सिफारिस गरेको महानगरपालिकाको तथ्यांक छ। यसैगरी मिर्गौला रोगका १ सय १२, क्यान्सर रोगका १ सय ३४, हेडइन्जुरी ९, स्पाइनल इन्जुरी ४ र सिकलसेल एनिमियाका १ जना विरामीले सिफारिस लगेको जनस्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुरले जानकारी दिए।

विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५ ले मुटुरोग, मिर्गौला, क्यान्सर, पार्किन्सन, अल्जाइमर, हेडइन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया रोगलाई 'कडा रोग' को संज्ञा दिएको छ। विपन्न नागरिकलाई यी रोगको उपचारमा सरकारले आर्थिक सहायता प्रदान गर्ने गरेको छ। त्यसका लागि स्थायी बसोबास रहेको स्थानीय तहले आवश्यक कागजात लिएर सिफारिस गर्नुपर्ने हुन्छ। सिफारिस लिएका विपन्न नागरिकले विपन्न नागरिकहरूलाई औषधि उपचारका लागि सूचिकृत गरिएका अस्पतालबाट तोकिएको सेवा पाउन सक्छन्।

मुट रोग, क्यान्सररोग, अल्जाइमर रोग, पार्किन्सस रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मिर्गौला रोगको एक्युट रेनल फेलियर भएका विरामीले रू १ लाखसम्मको औषधि उपचार सुविधा पाउँछन्।

विपन्न नागरिक औषधि उपचार कोष अन्तर्गत वीरगञ्जको नारायणी अस्पतालमा मिर्गौला रोगको उपचारका लागि निःशुल्क डायलाइसिस सेवा उपलब्ध छ।

# विपद् जोखिम व्यवस्थापनमा सरकारको ध्यानै गएन

**० बेमौसमी वर्षाले जसरी किसिमको विपदा ल्यायो, जसबाट करिब सयौंको मृत्यु भयो भने अर्बौंको धनमाल क्षति भयो । यो बैमौसमी वर्षालाई कसरी हेर्नुभयो ?**

– यो बैमौसमी वर्षा अनपेक्षित हो । मनसुन अक्टुवर ८ मै सकिसकेको थियो तर त्यसको एक हप्तामै नयाँ सिस्टम विकास भयो । यो एउटा पश्चिम वायुको प्रभाव बढेको भनिन्छ । अहिले जलवायु परिवर्तनको जुन परिस्थिति छ, त्यसबाट यस्ता अनपेक्षित अवस्था आउँदैन भन्न सकिँदैन । यो कुरालाई भारतले नै पहिला नोट गऱ्यो र हाइ अलर्ट पनि जारी गऱ्यो । किनभने भारत हाम्रोभन्दा ठूलो क्षेत्रमा प्रभावित गरेको छ । भारतले पनि आँकलन गरेभन्दा बढी नै बेमौसमी वर्षा भयो । त्यति हुँदा पनि भारतले त्यसको पूर्वतयारी गऱ्यो, जसले गर्दा नेपालभन्दा भारतमा क्षति कम भयो । तर हामीकहाँ त्यो किसिमको पूर्वतयारी भएन, जसकारणले हामी यति ठूलो धनजनको क्षति भोग्नुपऱ्यो ।

**० भारतले जसरी पूर्वतयारी गऱ्यो, हाई अलर्ट जारी गऱ्यो त्यसरी नेपालमा किन हुन सकेन ?**

– पहिलो कुरा त विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा हामीले जति लगानी गर्नुपर्ने हो, त्यो छैन । अर्को कुरा हामीले व्यवस्थित तरिकाले अहिले पनि यो क्षेत्रमा परिचालित गर्न सकेका छैनौं । हामीसँग भएका संयन्त्रहरूको क्षमता पनि सीमित छन् । हामीसँग जुन पूर्वसूचनाको प्रणाली छ, त्यो त्यति प्रभावकारी छैन । सूचनाका लागि मात्रै सूचना दिएर हुँदैन । धानबालीको जुन क्षति भयो, यसबारे समयमै कृषकमाझ सूचना गएको भए यस्तो अवस्था हुने थिएन । किसानले बुझ्ने भाषामा सूचनालाई हामीले सम्प्रेषण गरेको भए खेतमा काटेर राखिएको धान नष्ट हुने अवस्था आउने थिएन । भनेपछि बुझ्ने भाषामा सूचना वा जानकारी तलसम्म लगिनुपर्छ ।

**० अर्थात नेपालको पूर्वसूचना प्रणाली औपचारिकतामा मात्रै सीमित छ ?**

– औपचारिकतामा मात्रै सीमित छ नभनौं, तर जे जति गर्नुपर्ने हो त्योअनुसारको देखिएन । कुनै पनि पूर्वसूचनाको तीन-चार वटा आयामहरू छन् । पहिला त हामीले आइरहेको जोखिमलाई नै बुझ्न जरूरी छ । त्यसपछि त्यसलाई विश्लेषण गर्नुपर्छ । भारतमा विकसित प्रविधिहरू छन्, समन्वय हुनुपर्छ । सूचना र जानकारीको आवश्यकता कहाँ छ र कसरी सूचित गर्न सकिन्छ त्यो पनि बुझ्नुपर्छ । यसबारे सूचना काठमाडौंमा मात्रै सीमित राखेर तलसम्म बुझ्ने भाषामा सम्प्रेषण गर्न सकेनौं भने त्यसको औचित्यता हुँदैन ।

**० लक्षित ठाउँसम्म यस्ता सूचना किन पुग्न सकेको छैन ?**

– हामीसँग विभिन्न संयन्त्रहरू छन् तर काठमाडौंमै सीमित छन् । विपद् जोखिम न्यूनीकरणका लागि लक्षित ठाउँसम्म पुग्न अहिले निकै नै सजिलो छ । किनभने अहिले तीन तहको सरकार छ, गाउँ-गाउँमा सरकार छ । अहिले पूर्वतयारी, प्रतिकार्य, उद्धार र पुनर्निर्माण लगायत सबै जिम्मेवारी स्थानीय सरकारलाई गएको छ । त्यो जिम्मेवारीको हिसावले काम गर्नका लागि स्रोत साधन, ज्ञान, क्षमता लगायतका कुराहरूको व्यवस्थापनमा हामीले जोड दिनुपर्छ । गोष्ठी, सेमिनार, छलफल, बहस गरेर मात्रै हुँदैन, त्यसलाई तलसम्म पुग्ने गरी काम गरिनुपर्छ । अबको समयमा ती कार्यहरूलाई हामीले फाष्टट्र्याकमा गर्नुपर्छ । हैन भने यस्तै वर्षेनी धनजनको क्षति व्यहोर्नुपर्ने हुन्छ । अहिले विपद् व्यवस्थापनभन्दा पनि विपद न्यूनीकरण हो । विपदलाई पहिला नै कसरी न्यूनीकरण गर्ने ताकि त्यसलाई व्यवस्थापन गर्ने जिम्मेवारी कम होस् ।

**० यस्ता प्राकृतिक विपद रोकथामका दीर्घकालीन उपाय के-के हुनसक्छन् ?**

– विपद् भन्ने कुरा बहुआयामिक हो । किनभने कुनै पनि विपद्ले एउटा क्षेत्रलाई मात्रै क्षति गरिरहेको हुँदैन । बाढी आउँदा भौतिक संरचना, बालीनालीमा क्षति पुऱ्याउनेदेखि ठूलो जनधनको क्षति गरिरहेको हुन्छ । भनेपछि यसले विभिन्न क्षेत्रमा क्षति पुऱ्याएको हुन्छ । यसको समाधान खोज्दा त्यो बहुआयामिक समाधान हुनुपर्छ । एउटा मात्र दृष्टिकोणबाट हेरेर हुँदैन । यसको हरेक दृष्टिकोणबाट विश्लेषण गरेर त्यसपछि समाधानको उपाय खोजी गर्नुपर्छ । प्रदेश २ कै कुरा गर्ने हो भने यसका विभिन्न पक्षहरूबारे खोजी गर्नुपर्ने आवश्यक छ । समग्ररूपमा यसको अध्ययन गर्न जरूरी छ । त्यो बुझिसकेपछि दीर्घकालीन योजनाअनुसार बाढी व्यवस्थापन योजना बनाउनुपर्छ । त्यसअन्तर्गत विभिन्न खालका कार्यक्रमहरू हुन सक्छन् ।

**० त्यो बहुआयामिक समाधान के-के हुनसक्छ ?**

– प्रकोपको परिप्रेक्ष्यबाट हेर्दा नेपालको प्राथमिकतामा छ । नेपालमा जसरी २०१५ मा जुन विनाशकारी भूकम्प गयो, त्यसमा विभिन्न राहत तथा उद्धारका लागि सहयोग जुटाउन सफल भयौं । विभिन्न दातृ निकाय, राष्ट्रहरूले सहयोग गरेका थिए र गर्दै पनि छन् । अहिले विपद् व्यवस्थापनको काम तीनै तहमा बाँडेको छ । संघीय, प्रादेशिक र स्थानीय तहमा विपद् व्यवस्थापनको काम बाँडिएको हो । खासगरी, जब यो लागू गर्ने कुरा आउँछ तब स्थानीय सरकारलाई यो जिम्मेवारी दिएको छ । तर, जिम्मेवारी मात्रै दिएर हुँदैन । कागजमा त हामीले जिम्मेवारी दियौं, तर त्यो किसिमको क्षमता, स्रोतसाधन, ज्ञान, औजारहरू अझै पनि दिन सकेको छैन । स्थानीय सरकारले विपद् व्यवस्थापनलाई राम्ररी बुझेको, त्यसका लागि चाहिने, नीति तथा कार्यक्रम वा तदारूकताका साथ प्राथमिकतामा राखेको पाइँदैन । त्यसले गर्दा कुनै पनि संस्थागत उपायहरू भइरहेको पाइँदैन ।

यस सन्दर्भमा जसरी राष्ट्रियस्तरमा एउटा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको परिकल्पना गरेको छ, त्यसरी नै प्रदेशस्तरीय एउटा प्रादेशिक विपद् व्यवस्था प्राधिकरण आवश्यक छ । त्यो पनि अहिलेसम्म हुन सकेको छैन । केही पहिला मात्रै बारा र पर्सामा आएको विनाशकारी हावाहुरीबाट त्यत्रो क्षति व्यहोऱ्यौं, त्यहाँबाट पनि हामीले केही कुराहरू सिक्नुपर्ने थियो । ती सबै कुरामा ध्यान नदिएर यतिका धेरै क्षति हुने गरेका छन् । आगामी दिनमा यस्ता विपद्हरू आउन सक्छन्, त्यसलाई सही ढंगले व्यवस्थापन गर्नका लागि, त्यसबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्नका लागि कुनै ठोस कदम न त प्रदेशस्तरमा न त स्थानीयस्तरमा पाइएको छ ।

**० विपद् व्यवस्थापनमा सरकारको दीर्घकालीन सोच अहिलेसम्म देखिएको छैन ?**

– विपद् व्यवस्थापनमा सरकारको सोच त छ । विपद्लाई व्यवस्थापनभन्दा पनि न्यूनीकरण गर्ने तर्फ सरकारको ध्यान छ । तर, सरकारले पूर्वतयारीमा जोड दिनुपर्छ । प्रकोपबाट हुन सक्ने क्षतिलाई पहिला नै पहिचान गरेर मात्रै काम गर्ने एकदमै महत्वपूर्ण छ । विपद् व्यवस्थापनका चार/पाँच वटा उपायहरू हुन्छन् । ती सबै उपाहरूमा काम गर्नुपर्ने आवश्यकता देखिन्छ र विभिन्न खालका एजेन्सीहरूसँग सहकार्य गरेर अघि बढ्नुपर्ने हुन्छ । किनभने प्रकोपले कुनै एउटा मात्र क्षेत्रलाई क्षति गर्दैन, सबै क्षेत्रमा क्षति पुऱ्याउँछ । हामीसँग पर्याप्त बजेट छैन, त्यसबाट हामीले एकातिर विकास निर्माणका कार्यहरू गरिरहेका हुन्छौं, अर्कोतर्फ हरेक वर्ष यस्ता प्रकोपहरू आउने गर्छन् र त्यसले सबै तहसनहस गरिरहेका हुन्छन् । यस्तो विकासले हामीलाई कहाँ पुऱ्याउँछ । त्यसैले, यसको पूर्वतयारी त हुनैपर्छ । यदि तपाइँले पूर्वतयारीमा एक रूपैयाँ खर्च गर्नुहुन्छ भने पछि सात रूपैयाँ बचाउनुहुन्छ । कुनै काम बिग्रिसकेपछि त्यसलाई बनाउन धेरै खर्च हुन्छ । यदि बिग्रिनुभन्दा पहिला नै हामीले जोगाउन सक्यौं भने त्यसले धेरै सजिलो हुन्छ । यो त सरकारको नैतिक उत्तरदायित्व हो कि नागरिकको जनधनको रक्षा गरोस् ।



**डा.सुमन कुमार कर्ण**
**विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन विज्ञ**

**० अब अन्त्यमा, यो बेमौसमी वर्षाले पुऱ्याएको धनजनको क्षतिबाट के पाठ सिक्नुपर्ने हो ?**

– यसबाट हामी पाठ सिक्नैपर्ने हो । अब हामी अझै सावधान, सचेत हुनुपर्छ । यसका लागि अन्तर्राष्ट्रियस्तरमा होस् वा छिमेकी राष्ट्रस्तरमा होस्, हामीले हाम्रो नेटवर्क, रिलेसनशिप, कोर्डिनेशनलाई बढाउनुपर्छ । हाम्रो आफ्नै प्रणालीमा भएको कुराहरूलाई परिवर्तन गर्नुपर्छ । ती कुराहरूलाई ध्यान पुऱ्याएर अगाडि बढ्नुपर्छ । यसलाई हामीले यतिकै बिर्सिनु भएन ।

# वर्तमान निर्वाचन प्रणाली नै मधेशको मूल शत्रु हो



**कैलाश महतो**
**संयोजक, स्वाधीन मधेश जनअभियान**

**० स्वाधीन मधेश जनअभियान के गर्दैछ ?**

– मधेशको स्वाधिनताका लागि स्वाधीन मधेश जनअभियान विभिन्न कार्यक्रमहरू गर्दैछ । जसअन्तर्गत अन्तरक्रिया, गोष्ठी, जनजागरणको माध्यमले आफ्ना कुराहरू जनतालाई बुझाउने कार्यहरू हामी गर्दैछौं ।

**० जनअभियानको उद्देश्य के हो ?**

– कुनै पनि उद्देश्य प्राप्तिका लागि सबभन्दा पहिला त जनजागरण चाहियो । हामी स्वाधिन मधेश जनअभियानको माध्यमले मधेशको स्वतन्त्रता नै चाहन्छौं । तर हाम्रो स्वतन्त्रताको स्वरूप फरक छ । हिजो हामीले स्वतन्त्र मधेश गठबन्धनको माध्यमले मधेशलाई छुट्टै राष्ट्र बनाउने अभियानमा थियौं, त्यस्तो मधेश हामीले चाहेका छैनौं ।

**० मधेशलाई छुट्टै राष्ट्र बनाउने अभियान होइन ?**

– होइन । हामीले स्वतन्त्रतालाई तीन क्याटेगोरीमा बाँडेका छौं । पहिलो, देश टुक्र्याएर स्वतन्त्र हुने । दोस्रो, शासकलाई मधेशबाट भगाएर स्वतन्त्र हुने । तेस्रो, सबैलाई समेटेर आ-आफ्नो जनसंख्याको अनुपातमा पूर्ण आजादी यो देशभित्रै पाउनु पनि स्वन्त्रता हो । त्यो स्वतन्त्रताको हामी वकालत गर्दैछौं ।

**० देशभित्रै पूर्ण आजादी भनेको हो ?**

– स्वतन्त्र मधेश गठबन्धनले अलग देशकै कल्पना गरेको थियो । यो कल्पना मात्रै होइन, हाम्रो नारा पनि थियो 'आजादी से एक इन्च भी कम नही, शर कट भी जाए तो कोई गम नही' । मधेश नेपालको भाग होइन, यो अलग देश हो भन्दै थियौं । तर यो स्वाधीन मधेश जनअभियानले देशलाई भूमिको रूपमा नटुक्र्याएर जसरी नेल्सन मण्डेलाले आफ्नो देशमा बाहिरबाट शासन गरिरहेका १३% गोराहरू र ८७% कालाहरूलाई सबैको आआफ्नो जनसंख्याको अनुपातमा पूरा अधिकार दिएर त्यहाँ समानुपातिकताको आजादी लिए त्यहीं स्वतन्त्रता हामीले खोजेका छौं । यो कुरा मधेशीले मात्र होइन, नेपालका प्रत्येक बहिष्कृत समुदायलाई राज्यको मूलधारमा ल्याउने हाम्रो नारा हो ।

**० अहिले निर्वाचन पनि नजिकिँदै गएको छ, यो चुनावको तयारी त होइन ?**

– हामी लोकतन्त्रलाई मान्दछौं भने निर्वाचनलाई अस्वीकार गर्न सकिन्न । तर अहिलेको निर्वाचन प्रणाली भनेको निर्वाचनको लागि मात्र निर्वाचन हो । भ्रष्टाचार र अनियमितताका लागि मात्रै निर्वाचन हो । यसले देशलाई निकास दिने सम्भावना छैन । यो मिश्रित निर्वाचन प्रणाली देशको लागि अभिषाप हो । यो मिश्रित निर्वाचन प्रणाली पूर्णरूपमा परिवर्तन गरी पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गरियोस् ताकि स्वाधीन मधेश जनअभियानले पनि चुनावमा भाग लिन पाउन् ।

**० आगामी निर्वाचनमा तपाइँहरू भाग लिने कि नलिने ?**

– यही निर्वाचन प्रणालीमा हामी भाग लिँदैनौं, हामी विरोधमा जान्छौं ।

**० तपाइँहरूले सडकबाटै पूर्ण समानुपातिक निर्वाचन प्रणाली कसरी लागू गराउन सक्नुहुन्छ ?**

– दुनियाँको जुनसुकै राजनीतिक परिवर्तन वा आमूल परिवर्तन सदनबाट भएको छैन । नेपालमा पनि जुनसुकै परिवर्तन भएको छ, त्यो सडकबाटै भएको हो । सदनले त मात्र बजेट पारित गर्ने, सरकार बनाउने, विकासका परियोजनाहरू ल्याउने काम गर्छ । विकासका परियोजनाहरू पनि नेपालको जुन सदनले ल्याउँछ, त्यो समाजबाट बहिष्कृत छ, समाजको अहितमा छ । त्यसकारण, हामी सदनमा नहुँदैमा केही फरक पर्दैन । सदनमा गएर के गर्ने ? त्यहीं भ्रष्टाचार गर्ने, बजेट चलाउने, दुष्कर्म गर्ने । यसलाई हटाउनकै लागि सडक आन्दोलन चाहिन्छ र हामी सडक आन्दोलनकै पक्षमा छौं ।

**० सडकबाट परिवर्तन त हुन्छ । तर जनताले तपाइँहरूलाई कसरी विश्वास गर्छ ?**

– जनसागर उर्लिने भनेको विचारमा हो । हामीसँग विचार, मुद्दा र योजना छन् । हामीसँग नेता, कार्यकर्ता र टिम छ । कुनै पनि आन्दोलनमा पहिला जनता आउँदैन, नेता र विचार आउँछ । हामीले नै सुरू गरेको स्वतन्त्र मधेश गठबन्धनमा जब हामी अगाडि बढ्यौं, त्यसपछि जनताले पनि साथ दिन थाले । मधेशमा समस्या, पीडा, दोहन, शोषण छ । जब-जब शोषण हुन्छ, तब-तब विद्रोह हुन्छ ।

**० भनेपछि मधेशमा फेरि विद्रोह हुन्छ ?**

– विद्रोह अवश्य हुन्छ, हुनैपर्छ । विद्रोह मधेशमा मात्रै होइन, देशमै हुन्छ । जबसम्म यहाँ अन्याय, अत्याचार, कमिशनतन्त्र, घुसतन्त्र, लुटतन्त्र रहन्छ, तबसम्म जनताले विद्रोह गर्नुपर्छ ।

**० अब हुने विद्रोहको नेतृत्व कसले गर्छ ?**

– अब हुने विद्रोह नयाँ ढंगले अगाडि बढ्छ । यसमा नयाँ युवापीढि आउँछ, नयाँ ढंगले नेतृत्व आउँछ । मधेश विद्रोहबाट जसरी उपेन्द्र यादवलाई मसिहाको रूपमा भनियो । त्यतिबेला मधेशले उनीमाथि विश्वास र भरोसा गऱ्यो । तर मधेशको आशा, विश्वास र भरोसामाथि उपेन्द्र यादव लगायत कुनै पनि नेता टिक्न सकेनन् । अहिले मधेशको मसिहा कोही पनि छैन ।

**० अहिलेको संसदमा मधेशको प्रतिनिधित्व गर्दै दुईटा दल छन्, प्रदेशमा सरकार बनाएको छ, स्थानीय तहमा छन् । जनता फेरि किन विद्रोहमा आउँछन् ?**

– मधेशको प्रतिनिधित्व सदनमा छ, शासनमा छैन । प्रदेश २ मै पनि मधेशी सत्तामा छ, शासनमा छैन । संसद होला, उसको सत्ता छैन । प्रदेश २ मात्रै होइन, सातवटै प्रदेशको कुनै औकात छैन । तिनीहरू सबैको नियन्त्रण संघीय तन्त्रमा छ । जब प्रदेशले आफ्नो आवश्यकताअनुसार आफ्नो अधिकार प्रयोग गर्न पाउँदैन भने त्यो कठपुतली सरकार हो ।

**० मधेशमा वैकल्पिक शक्तिको आवश्यकता महसुस भइरहेको छ ?**

– बिल्कुल आवश्यकता छ । वैकल्पिक शक्ति नआएसम्म मधेशले आफ्नो प्राप्त गर्न सक्दैन ।

**० मधेशमा वैकल्पिक शक्तिको रूपमा झण्डा गाड्ने भनेर डा.सीके राउत नेतृत्वको पार्टीको दाबी छ नि ?**

– सबभन्दा पहिला वैकल्पिक शक्ति भनेको के हो बुझ्नुपर्छ । सारा शक्तिहरूलाई हराउँदै आफ्नो मजबुत उपस्थिति देखाउनुलाई वैकल्पिक शक्ति भनिन्छ । त्यो वैकल्पिक शक्ति स्वतन्त्र मधेश गठबन्धन भन्ने संस्था थियो, अब छैन । जनमत पार्टी वैकल्पिक शक्ति हुने कुनै छाँटकाँट छैन । स्वतन्त्र मधेश गठबन्धनका बखत डा.सीके राउतप्रति जुन आकर्षण थियो, अहिले ह्रास हुँदै गएको छ । अहिले संघीय संसदमा २७५ सिट छ जसमा ११० समानुपातिक र १६५ प्रत्यक्ष छन् । त्यहीं चुनाव हो मधेशका लागि सबभन्दा ठूलो शत्रु । त्यसैलाई हामी परिवर्तन गर्न चाहन्छौं । पूर्ण समानुपातिक निर्वाचन प्रणाली देश र मधेशलाई चाहिन्छ ।

**० तपाइँ डा.सीके राउतको जनमत पार्टीमा जाने तयारी गर्दै हुनुहुन्छ भन्ने चर्चा पनि छ नि ?**

– म डा.सीके राउतको पार्टी मात्रै होइन, यदि पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मुद्दाका लागि जोसँग पनि सहकार्य गर्न तयार छु । म सीके राउतको नियतलाई विरोध गरेको छु, व्यक्तित्वलाई विरोध गरेको छैन । उनी या त फेरि स्वतन्त्र मधेशको मुद्दा उठाउन्, म आज पनि स्वतन्त्रताका लागि जेल बस्न तयार छु । अथवा स्वाधिन मधेश जनअभियानले उठाएको पूर्ण समानुपातिक निर्वाचन प्रणाली मुद्दालाई उठाउन् हामी सहकार्य गर्न तयार छौं ।

**० अहिलेको अवस्था सीके राउतसँग सहकार्य हुँदैन ?**

– उनीसँग कुनै मुद्दा छैन । चुनाव लड्ने र जित्ने बाहेक अन्य कुनै मुद्दा छैन ।

**० तर उहाँले जनता राज ल्याउने भन्नुहुन्छ ?**

– जनता राज त सदनबाट हुन्छ । यदि मधेशभरिबाट पनि सबै सिट जिते पनि सीके राउतले कमा समेत परिवर्तन गर्न सक्दैन । जनता राज, १० लाख युवालाई रोजगारी, विकास समृद्धि, मधेश स्वराज हावादारी कुरा हो । सीके राउतको घरमा नियम कानून बन्छ ? यी कुराहरू त सदनले बनाउने हो नि । सदनमा बहुमत आएपछि न यी कुराहरू लागू गर्ने हो । अहिलेको निर्वाचन प्रणालीमा मधेशले जति पटक चुनाव लडेपनि ३०-३२ सिटभन्दा बढी ल्याउने सम्भावना छैन ।

# किसानको दु:ख कांग्रेसले के जानोस् ?



डा.सीके राउत

किसान सामन्त र पूँजीपतिहरूको आधिपत्य रहेको, मधेश विरोधी, शक्ति हो। यसमा कुनै दुईमत हुन सक्दैन। केही दिन अगाडि चर्चा चलेको थियो काँग्रेसले भोट मधेशको लिने, तर मन्त्री एउटै मधेशीलाई नबनाउने। त्यसपछि चर्चा चल्यो: रूपन्देहीमा काँग्रेसी सरकारले सुकुम्बासीमाथि गोली चलाएर हत्या गरेको बारे । र अहिले किसानको बालीनाली क्षतिग्रस्त भई काँग्रेसको सरकारले केही गर्ला कि झूठो आशा बारे।

मधेश विरोधी काँग्रेस (नश्लवादी काँग्रेसले मधेशीलाई देखाएको ठेंगाबारे)

काँग्रेसको लागि यो बिलकुलै नयाँ होइन । २००७ सालको आन्दोलन कुनै पहाड़मा भएको थिएन, मधेशमा भएको थियो। लगानी मधेशीले गरेका थिए, पहाडबाट भागेका काँग्रेसका नेता कार्यकर्ताहरू मधेशको बासमती चामल र रहु माछा खाएर मधेशीको घरमा लुकेर बसेका थिए, युद्ध मधेशका शहर-शहरमा भएका थिए, नेपाली फौजले मधेशमा आएर गोली बरसाउने गरेका थिए, बलिदानी मधेशीले दिएको थियो, हजारौं मधेशी मारिएका थिए जुन काँग्रेसले कहिले रेकर्डमा रहन दिएन। आन्दोलन सफल भयो, मधेशी जनताको क्रान्ति र बलिदानीले २००७ साल मै लोकतन्त्र र गणतन्त्र आउन सक्थ्यो, तर राजासँग घाँटी जोडेको काँग्रेस र वीपीले राष्ट्रघाती दिल्ली सम्झौता गरेर त्यसलाई कथित प्रजातन्त्रमा सिमित गरिदिए, जनतालाई प्रजामा सिमित गरिदिए, जनसरकारमा निर्वाचित प्रधानमन्त्री रूपन्देहीका मधेशीको छोरा काशी प्रसाद श्रीवास्तवलाई नमानेर एउटा राणा मोहन शमशेरलाई प्रधानमन्त्री मानिदिए, डा. के. आइ. सिंह जस्ता सहयोद्धालाई भारतीय सेना नेपाल बोलाएर पक्राउ गर्न लगाए, र २०१७ सालमा नाटक गर्दै मधेशी जनताले त्यति रगत बगाएर ल्याएको लोकतन्त्र राजाको चरणमा गएर सौंपिदिए, विपी र काँग्रेसले आत्मसमर्पण गरे।

२००७ सालमा आन्दोलन पछि सरकार बन्दा एउटै मधेशीलाई मन्त्री बनाइएन (भारतीय राजदूतले धेरै दवाब दिए पछि पछि मात्रै थप गरिएको थियो), न त मधेशको कुनै पनि माग सम्बोधन गर्यो। परिणाम स्वरूप २००८ सालमा तराई काँग्रेस बन्यो, जसले त्यतिबेला नै 'स्वायत्त मधेश'को माग अगाडि सारेको थियो ।

तराई काँग्रेसले छोटो समयमा राम्रो पकड़ बनायो, तर नश्लवादी वी.पी. कोइरालाले देख्नसक्ने कुरै भएन। यो मदेसियाहरूलाई हराउनु पर्छ, तराई काँग्रेसलाई जसरी पनि हराउनु पर्छ, जे गरे गर्नुपर्छ, भनेर खुल्ला चुनौती नै दिएर लागे। तराई काँग्रेस नराम्री हार्यो । मधेश हार्यो, र काँग्रेस कम्युनिष्टमा लागेका, बासमती चामल र रहु माछा ढुवानी गर्ने, मधेशीहरूको कारणले दशकौंसम्म हारिरह्यो ।

विपी त नश्लवादी थिए नै, काँग्रेसका अन्य "सर्वोच्च" नेताहरू कम थिएनन्। गणेशमान सिंहले जेलमा रहेका आफ्नो मधेशी सहयोद्धालाई भनेका थिए--तिमी मधेशीहरू डरपोक हुन्छौं, शासन किन चाहियो? अर्का कृष्ण प्रसाद भट्टराईले प्रधानमन्त्रीकै कुर्सीबाटै घोषणा गरिदिए: 'मधेशी लोग कायर होते है !" त्यो घोषणाले आत्मा जिवित रहेका गजेन्द्र नारायण सिंहहरू त काँग्रेस छोडे, तर निर्लज्ज र आत्मा मरेका मधेशीहरू अझै त्यही काँग्रेस समातेर बसेका छन् ।

२०६३-६४ को मधेश आन्दोलनमा ५४ भन्दा बढ़ी मधेशीको छातीमा गोली चलाउने अरू कोही नभएर त्यही गिरिजा प्रसाद कोइराला थिए । २०७२ सालमा नश्लवादी संविधान जारी गर्ने सूत्रधार र फेरी दर्जनौं मधेशीको हत्या गर्ने त्यही सुशिल प्रसाद कोइराला थिए । २०७३ सालमा मलेठ नरसंहार गराउन सीधा आदेश दिने त्यही गृहमन्त्री विमलेन्द्र निधि थिए । (त्यही बेला मलाई पनि पहिलोपटक जनकपुरको डेराबाटै ISIS को शैलीमा छापा मार्न लगाएर समाती 'कहिले छुट्नदिन्न, त्यस्तो मुद्दा लगाउँछु' भन्ने पनि उही विमलेन्द्र निधी थिए ।)

किसान विरोधी काँग्रेस

शायद अहिलेको पुश्तालाई थाहा न होला, तर काँग्रेसको पहिलो सरकार बन्दा उसको पहिलो "गौरवमय" काण्ड थियो - किसान मुक्ति सेनाको दमन (आन्दोलनका एक नायक भीमदत्त पन्तको नाम सुन्नु भएको होला, छैन भने कञ्चनपुरको भिमदत्त नगरपालिका सम्झनुहोला) र बेलुवामा किसानको नरसंहार। त्यस्तै २००९ सालमा पूरै मधेशमा उठेको किसान आन्दोलनमाथि गोली बर्साएर दमन गर्ने गौरवमय इतिहास काँग्रेसको रहेको छ । कमैया कम्लरी बनाउने पनि उही काँग्रेसीहरू नै हुन् । त्यसैले रूपन्देहीको मोतीपुरमा सुकुम्बासी माथि गोली बर्साउनु काँग्रेसको लागि नौलो अभ्यास थिएन । पूँजीपति वर्गका पोषकहरूले ऊखु किसानको पैसा खाने काम गरेकै छन् । र अहिले किसानको लागि केही गर्ला भनेर सोच्नु व्यर्थ छ।

नश्लवादी नेपाली "कम्युनिष्ट"हरूको बारेमा पनि अर्को पोस्टमा - आखिर मधेशका दलित बस्तीहरूमा डोजर चलाउने, झूट्टा मुद्दा लगाउनेहरू तिनैहरू हुन् ।

# रेलमार्गको फाइनल लोकेसन सर्भेका लागि सम्झौत

काठमाडौं। भारत-नेपाल सीमापार रेल सञ्जालबारे संयुक्त कार्यदल र परियोजना सञ्चालन समितिका बैठक भारतको नयाँ दिल्लीमा सम्पन्न भएको छ।

हाल सञ्चालित सीमापार रेल सञ्जालको कार्यान्वयन पक्ष तथा रेलमार्ग क्षेत्रमा समग्र द्विपक्षीय सहकार्यबारे समीक्षा गर्न हेतु भारत-नेपालले आश्विन २० देखि २१ सम्म भारतको नयाँ दिल्लीमा भारत-नेपाल संयुक्त कार्यदलको पाँचौं बैठक तथा परियोजना सञ्चालन समितिको सातौं बैठकको आयोजना गरेको थियो ।



भारत-नेपाल संयुक्त कार्यदलको बैठकमा भारतीय टोलीको नेतृत्व भारत सरकार रेल मन्त्रालय ट्राफिक यातायात विभागका कार्यकारी निर्देशक डा. मनोज सिंहले गरेका थिए भने परियोजना सञ्चालन समितिको बैठकमा भारतीय टोलीको नेतृत्व भारतीय विदेश मन्त्रालय DPA-III का सह-सचिव अनुराग भुषणले गरेका थिए ।

दुवै बैठकमा नेपाली टोलीको नेतृत्व नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सह-सचिव श्री केशव कुमार शर्माले गरेका थिए ।

जयनगर-कुर्था खण्डमा यात्रुवाहक रेल सेवा सुरू गर्नका लागि दुवै पक्षले Standard Operating Procedures (SOPs) मा हस्ताक्षर गर्नुका साथै रक्सौल-काठमाडौंबीच प्रस्तावित ब्रोड गज रेलमार्गको फाइनल लोकेसन सर्भेका लागि सम्झौतापत्रमा हस्ताक्षर गरे ।

यो SOP ले नयाँ खण्डमा यात्रुवाहक रेल सेवा संचालनका लागि प्राविधिक सहयोग प्रदान गर्नुका साथै नेपालसँग आउँदो सीमापार रेलमार्गमा प्रारम्भिक रेलसेवाको सुरूवातका लागि मार्गदर्शक दस्तावेजको रूपमा काम गर्नेछ ।

प्रस्तावित रक्सौल-काठमाडौं ब्रोड गज रेलमार्गले भारत र नेपालबीचको कनेक्टिभिटीलाई अझ मजबुत बनाउने छ । दुवै पक्षले भारत सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको जयनगर-बिजलापुर- बर्दिबास र जोगवनी-विराटनगर ब्रोड गेज रेलमार्गबारे छलफल गर्यो।

हालै निर्माण सम्पन्न भएको भारतको जयनगरदेखि नेपालको कुर्थासम्मको ३४ किमि खण्डमा यात्रुवाहक रेल सञ्चालन गर्न हेतु गरिएको प्रविधिक पूर्वतयारीबारे पनि बैठकमा समीक्षा गरियो ।

रेलमार्ग अन्तर्गतको १७.२५ किमि कुर्था-बिजलापुर खण्डको निर्माण शिघ्र सम्पन्न गर्न नेपालले आवश्यक सहयोग एवम्सहजीकरण गर्ने आश्वासन दियो ।

१८.६ किमि जोगवनी-विराटनगर रेलमार्गको निर्माण चाँडो सम्पन्न गरी छिट्टै संचालनमा ल्याउन पनि दुवै पक्षबीच सहमति भयो। बैठकमा रक्सौल-काठमाडौं ब्रोड गेज रेलमार्ग र एजबकभ(क्ष्क रेल सञ्जाल अन्तर्गतका परियोजनामा भएका प्रगतिबारे पनि छलफल भयो ।

रेलमार्ग लगायत नेपाली रेल कर्मचारी तथा प्राविधिकको क्षमता विकास, व्यवस्थापन एवम्प्रशिक्षणका क्षेत्रमा प्रविधिक सहकार्यलाई सुदृढ गर्नेबारे दुवै पक्षबीच सहमति भयो ।




## मधेश अपडेट

### जसपा भ्रष्टाचारीहरूको झुण्ड : अरगरिया

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं पूर्वमन्त्री उमाशंकर अरगरियाले उपेन्द्र यादवले १८ महिना सरकारमा रहँदा गर्न नसकेका काम आफूहरू १८ दिनमै गरेको दाबी गरेका छन् । जनकपुरधाममा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै नेता अरगरियाले उक्त कुरा बताएका हुन् । उपेन्द्र यादव १८ महिना सरकारमा रहँदा गर्न नसकेका काम आफूहरूले १८ दिनमा गरेर देखाइदिएको उनले बताए । 'हामीले मधेश आन्दोलनका क्रममा लागेका २ सय भन्दा बढी मुद्दा फिर्ता गराएको, संविधान संशोधनको प्रकृया शुरू गरायौं' उनले भने । उनले भ्रष्टाचार भएकै कारण अख्तियारले मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा छापामारी गरेको बताए । उनले जनता समाजवादी पार्टी (जसपा) भ्रष्टाचारीहरूको झुन्ड रहेको बताएका छन् । साइकल खरीदमा अनियमितता गरेपछि अख्तियारले छापामारी गरेको भन्दै उनले साइकल चोरलाई बचाउन मसाल जुलुस निकालिएको बताए । अख्तियारले छापा मारेपछि मुख्यमन्त्रीलाई नैतिकताको आधारमा राजिनामा दिनुपर्नेमा नदिइएको उनले बताए । पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री समेत रहेका अरगरियाले दुई तिहाईको प्रदेश सरकारलाई अबिलम्ब प्रदेशको नामाकरण गर्नुपर्ने बताए ।

### ज्यान गुमाएका परिवारलाई एक लाख दिने

विराटनगर । बाढीपहिरोमा परी ज्यान गुमाएका व्यक्तिका परिवारलाई प्रदेश १ सरकारले प्रतिव्यक्ति एक लाख रूपैयाँ दिने निर्णय गरेको छ । मुख्यमन्त्री भीम आचार्य अध्यक्षतामा बसेको प्रदेश दैवी प्रकोप उद्धार समितिको बैठकले राहत रकम दिने निर्णय गरेको हो । पूर्ण रूपमा बाढी पहिरोले घरमा क्षति पुऱ्याएको परिवारलाई घर बनाउन भूकम्पमा क्षति भए सरह रू. ३ लाख राहत उपलब्ध गराउने निर्णय भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । आचार्यले विराटनगरको हवाई सेवा सञ्चालन गर्न, दुहबीमा विद्युत सबस्टेसनमा भएको समसस्या तत्काल समाधान गर्न, बाढीपहिरोमा फसेकालाई उद्धार, सहयोग गर्न तथा प्रदेशभरि भएको क्षतिको विवरण संकलन गर्न माताहतका विभागहरूलाई निर्देशन दिएका छन् । स्थानीय तहहरूसँग समन्वय गरी भएका सबै अवरोधहरू हटाउन सरकारका सबै संयन्त्र परिचालित हुनसमेत निर्देशन दिएको र पाकेको धानबालीमा भएको क्षतिको विवरण संकलन गरी कृषकका लागि राहत प्याकेज ल्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिएका छन् ।

### मेडिकल कलेजका कर्मचारी आन्दोलित

नेपालगञ्ज । नेपालगञ्ज मेडिकल कलेजका प्रवन्ध सञ्चालक डा. सुरेशकुमार कनोडियाले तत्काल कर्मचारीको तलब बढाउन नसकिने बताएका छन् । कर्मचारीले केही दिनदेखि सुविधा बढाउनुपर्ने माग राख्दै आन्दोलन गरिरहेको बेला प्रवन्ध सञ्चालक डा. कनोडियाले यस्तो बताएका हुन् । नेपालगञ्जमा पत्रकार सम्मेलन गर्दै डा. कनोडियाले संस्था घाटामा चलिरहेको बेलामा कर्मचारीको तलब बढाउन नसकिने बताए । 'कोभिड र अन्य कारणले दुई वर्षदेखि मेडिकल कलेज घाटामा गइरहेको छ । त्यो पूर्ति गर्नका लागि कम्तीमा दुई वर्ष लाग्छ,' डा. कनोडियाले भने, 'त्यसपछि तलब बढाउने विषयमा बसेर छलफल गर्न सकिन्छ ।' नेपालगञ्ज मेडिकल कलेजमा स्थायी, करार र डाक्टर गरी एक हजार चार सय बढी कर्मचारी छन् । कर्मचारीले तलब बृद्धि लगायतका माग राखेर आन्दोलन चर्काइरहेका छन् । मेडिकल कलेजका आर्थिक प्रशासन उपनिर्देशक श्याम शर्मा र अस्पतालका उपनिर्देशक डा. नितेश कनोडियाले दुई वर्षदेखि मेडिकल कलेजलाई आर्थिक भार थपिएको कुरा जान्दाजान्दै केही कर्मचारी आन्दोलनमा उत्रिएको बताए ।

### नाका खुलेपछि आवागमन सहज

कैलाली । कैलालीको टीकापुरको खक्रौला नाका खुलेपछि सर्वसाधारणको आउजाउ बढ्न थालेको छ। कोरोनाका कारण खक्रौला नाका बन्द थियो। कोभिडको खोप लगाएकालाई मात्र भारतीय सुरक्षाकर्मीले प्रवेश दिएको इलाका प्रहरी कार्यालय सत्तीका प्रमुख प्रहरी नायब निरीक्षक चंखबहादुर कठायतले बताए। उनका अनुसार नाका खुलेपछि दैनिक उपभोग्य सामानका लागि सीमा क्षेत्रका बासिन्दा साइकल तथा मोटरसाइकलबाट तिकुनिया बजारसम्म जान थालेका छन् । खक्रौला नाकामा रहेको मोहना नदीमा पुल नहुँदा तिकुनिया बजार आउजाउ असजिलो थियो। पुल बनेपछि तिकुनिया बजार जान सकिने भएको हो। पुल बनेपछि भारत आवतजावतमा सहज भए पनि नेपालबाट निर्यात गर्ने वस्तु केही नभएको तर किनमेलका लागि उपभोक्ताहरू ठूलो संख्यामा तिकुनिया बजार पुग्ने गर्छन्। चाडबाडका बेला अधिकांश दैनिक उपभोग्य वस्तु सीमापारिकै बजारबाट स्थानीयले किनमेल गर्छन्। नाका खुलेपछि स्थानीय किनमेलका लागि भारत जान थालेपछि निकै घाटा बेहोर्नु परिरहेको टीकापुरका व्यापारीहरू बताउँछन् ।

### विकास बजेट काटिएको आपत्ति

रूपन्देही । एमाले संसदीय दल लुम्बिनीले गठबन्धन सरकारले बहुवर्षीय योजनाका धेरै बजेट कटौती गरेकोमा आपत्ति जनाएको छ । बजेट संशोधनका नाममा आवधिक योजनाअनुसार बनेका ठूला र बहुवर्षीय योजनाका बजेट काटिँदा नागरिकले विकासको मुख देख्न नसक्ने अवस्था आएको दलको आरोप छ । प्रतिपक्षमा रहेको एमाले संसदीय दलले बुधबार पत्रकार सम्मेलन गर्दै भौतिक विकासमा फड्को मार्न अढाई सय पुल बनाउने योजना, ३ वर्षभित्र सबैको घरमा स्वच्छ खानेपानी पुऱ्याउने वास योजना, ७० प्रतिशत कृषि भूमि सिँचाइ गर्ने लगायतका महत्त्वपूर्ण योजनाको बजेट काटेर भुत्ते बनाएको भन्दै विरोध जनाएको हो । एमाले संसदीय दलका उपनेता वैजनाथ चौधरीले सरकारको निर्णयले नागरिकको विकासको सपना खोस्ने काम गरेको दाबी गरे । पहिलो चौमासिक सकिँदासम्म बजेट कार्यान्वयन कार्ययोजना बनाउन नसकेकोले सरकारले बजेट कार्यान्वयन गर्नेमा आशंका रहेको नेता चौधरीले जनाए । एमाले प्रमुख सचेतक भूमिश्वर ढकालले १७ सदस्यीय जम्बो मन्त्रिपरिषद् बनाएको सरकारले विकास भन्दा आफ्नै व्यवस्थापनमा ध्यान दिदा अघिल्लो सरकारले बनाएका विकास योजना काटिएको दाबी गरे । एमालेले मनसुनपछिको वर्षाले किसानको बाली तथा धनजनको क्षति पुऱ्याएको भन्दै गहिरो दुःख व्यक्त गर्दै प्रदेश सरकारलाई उचित राहत र क्षतिपूर्तिका काम गर्न आग्रह गरेको छ । उक्त माग सहितको ज्ञापन पत्र बुधवार मुख्यमन्त्री कुलप्रसाद केसीलाई समेत बुझाएको छ ।

### वीरगञ्जमा बंगलादेशविरुद्ध प्रर्दशन

वीरगञ्ज । हिन्दू युवाले पर्साको वीरगञ्जमा बंगलादेशविरूद्ध प्रदर्शन गरेका छन् । बंगलादेशमा अल्पसंख्यकको रूपमा रहेको हिन्दूमाथि भईरहेको आक्रमणको विरोधमा बुधबार वीरगञ्जमा प्रदर्शन भएको हो । विश्व हिन्दू परिषद नेपाल पर्साको आयोजनामा हिन्दू युवाहरूले प्रदर्शन गर्नुका साथै बंगलादेशी प्रधानमन्त्री शेख हसिनाको पुत्ला दहन गरेका छन् । बंगलादेशमा निरन्तर हिन्दू माथि आक्रमण तथा हिन्दूहरूको आस्थाको केन्द्रको रूपमा रहेको मठ मन्दिरमा तोडफोड तथा आगजानी गरेपनि आरोपित मुस्लिमलाई कारवाही नगरेको भन्दै प्रधानमन्त्रीको पुत्ला दहन गरेका हुन् । हिन्दूमाथि भएको घटना प्रति आक्रोशित परिषद तथा हिन्दू समाजका युवाले हसिना विरूद्ध प्रर्दशन गर्दै बंगलादेशी हिन्दूलाई न्याय तथा दोषी मुस्लिमलाई कडा कारवाही गर्नुपर्ने माँग गर्दै निकालेका विरोध जुलुस नगर परिक्रममा गरेको थियो ।

### सञ्चारकर्मीलाई शिक्षा सम्मान

रौतहट । सर्लाहीको गोडैता नगरपालिकामा सर्लाही र रौतहटका सात जना सञ्चारकर्मीलाई शिक्षा सम्मान २०७८ बाट सम्मानित गरिएको छ। नेपाली र बज्जिका भाषामा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेका दुई जिल्लाका सात सञ्चारकर्मीलाई एक समारोहबीच प्रदेश २ का महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्री वीरेन्द्रप्रसाद सिंहले शिक्षा सम्मान २०७८ बाट सम्मानित गरेका हुन् । गोडैता नगरपालिका ५ रामवनस्थित श्रीमती सरस्वतीदेवी कुशवाहा सामुदायिक आधारभूत विद्यालयका छात्राहरूलाई साइकल वितरण गर्ने कार्यक्रमको अवसरमा सर्लाहीका टंक क्षेत्री, राधेश्याम कुशवाहा, विश्वनाथ ठाकुर, सन्तोष सिंह र वन्दना झालाई सम्मानित गरिएको हो । यसै गरी बज्जिका भाषाको पत्रकारितामार्फत शिक्षा क्षेत्रमा योगदान दिएका रौतहटका सञ्जय साह मित्र र राजुकुमार श्रीवास्तवलाई शिक्षा सम्मान २०७८ बाट सम्मानित गरिएको हो । गोडैता नगरपालिकामा शिक्षण सेवाबाट निवृत्त भएका जयनारायण महतो, नन्दलाल महतो, सुरेन्द्र झा, रामएकबाल महतो, काशी मिश्र, किशुन महतो, राजकिशोर झा, वीणा सिंह, शिवाकान्त झा, जियालाल राय, राजेन्द्र ठाकुर, सत्यलाल राय, श्री महतोलाई पनि कार्यक्रममा सम्मानित गरिएको छ । कार्यक्रममा विद्यालयका शिक्षकहरूलाई पनि मन्त्री सिंहले सम्मानित गरेका छन् । शिक्षाको क्षेत्रमा विद्यालयले पुऱ्याएको योगदानको प्रशंसा गर्दै मन्त्री सिंहले प्रदेश सरकारको तर्फबाट विद्यालयलाई सकेको सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# ‘मधेश विकास फोरम गठन’

काठमाडौँ । पूर्वमन्त्री सरिता गिरीले ‘मधेस विकास फोरम’ नामक संस्था गठन गरेकी छिन् । वातावरण संरक्षण गर्दै सहभागितामूलक जनमुखी विकास, विधिको शासन र मानव सुरक्षाको सुनिश्चितताका लागि संस्थाले काम गर्ने बताइएको छ । लहानमा हालै भएको एक भेलाले गिरीलाई संयोजकको जिम्मेवारी तोक्दै गठन भएको उक्त संस्थाले देशभर काम गर्ने बताइएको छ ।

पहिलो चरणमा प्रदेश २ अन्तर्गत सिरहास्थित लहान नगरपालिकाको २४वटै वडामा संस्था विस्तार गर्ने योजना रहेको संयोजक गिरीको भनाइ छ । सामाजिक संस्था गठन गरेपछि गिरीले विज्ञप्ति जारी गर्दै जनजीविकासँग जोडिएका विभिन्न विषय समेटेर मागहरू अघि सारेकी छन् ।

**गिरीका मागहरू**

१.उच्च अदालत, राजविराजको आदेशलाई अवहेलना गर्दै भदौं ३० गते र असोज १२ गते लहान नगरपालिकाका मेयर मुनी साहले लहानको नयाँ बजार हटियामा गराएको कुटपीट, तोडफोड र म समेत केही अन्य व्यक्तिको ज्यान लिनेगरी गराइएको सांघातिक हमलाको सम्पूर्ण घटनाको जिम्मेवारी मेयर मुनी साह र सीडीओ प्रदीपराज कँडेलले लिनु पर्दछ र अदालतमा मुद्दाको फैसला नहोउञ्जेलसम्म आफनो कार्यभारको जिम्मा अरूलाई दिनुपर्ने हामी माग गर्दछौँ । बजारमा कुटपीट गराउन मेयर मुनी साहले आफूले पालेका अपराधीहरूलाई नगर प्रहरीको ड्रेस लगाई बजारका स्थानीय जनताको दमनका लागि उतारेर अक्षम्य अपराध गर्नु भएको प्रष्ट छ ।

अदालतको आदेशको अवहेलना गर्दै भदौं ३० गते र असोज २४ गते गुदरी बजारमा भएको तोडफोड र कुटपीट भएको सम्पूर्ण हिंसात्मक घटनाको र असोज २४ मा सीडीओ कँडेलको अध्यक्षतामा भएको बैठकको सत्य र तथ्यको छानविनका लागि हामी संघीय सरकारको गृहमन्त्रीसँग माग गर्दछौँ ।

२. असोज १२ गते बजारको केही पसलमात्र भत्काउँन सफल भएपछि असोन २४ गते सीडीओ प्रदीपराज कँडेलको अध्यक्षतामा सिरहामा भएको सर्वपक्षीय बैठकको निर्णयबाट प्रमाणित हुन्छ कि, बजारमा तोडफोड र कुटपिटको योजनाकार मेयर मुनी साहका साथ सिरहा जिल्लाका सीडीओ कँडेल पनि हुन् । आफ्नो अधिकार र दायित्वको सीमाको उल्लंघन गर्दै असोज २४, २०७८ मा सिरहामा सीडीओ प्रदीपराज कँडेलको संयोजकत्वमा भएको बैठकले लहान गुदरी बजार भत्काउने गरिएको निर्णय शतप्रतिशत संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को विपरीत रहेको छ । लहानको गुदरी बजारबारे कुनै निर्णय गर्न सीडीओको अध्यक्षतामा भएको बैठकलाई छैन । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय बजारको व्यवस्थापनबारे निर्णय लिने अधिकार लहान नगरपालिकाको निर्वाचित नगरसभा र नगरपालिकाको बजार व्यवस्थापन समितिलाई मात्र छ ।

३. त्यसैगरी संविधान र कानुनअनुसार हाटबजार क्षेत्र संघीय सरकारको अधिनमा रहेको पारम्परिक सार्वजनिक सम्पत्ति हो । संविधान र कानुनले स्थानीय तहलाई बजार व्यवस्थापनको अधिकारमात्र दिएको छ । सीडीओको अध्यक्षतामा भएको बैठकले गुदरी बजार भत्काइ त्यस स्थानमा शपिङ मल बनाउने निर्णय गरेको छ, जुन संविधानविपरित हो । संविधानले शपिङ मल बनाउन अधिकार महानगरपालिकालाई मात्र प्रदान गरेको छ ।

सीडीओ कँडेलको अध्यक्षतामा भएको उक्त असोज २४ मा भएको बैठकले गुदरी बजार भत्काउँने निर्णय गरी संघीय सरकार र नगरपालिकाको नगरसभाको अधिकार क्षेत्रको ठाडो अतिक्रमण गरेको छ ।

४. असोज २४ गतेको बैठकको प्रत्यक्ष कारण लहानको गुदरी बजारको विवादबारे उच्च अदालत, राजविराजको असोज १२, २०७८ को आदेश रहेको छ । उक्त आदेशमा नगर सभाको बजार भत्काउँने निर्णय र नगर सभाले पारित गरेको परियोजनाअनुसार मात्र नयाँ स्टल र टहराहरू बनाउन सकिन्छ भनिएको छ । हामी रिट निवेदनकर्त्ताहरूले संविधान प्रदत्त सूचनाको हकअन्तर्गत लहान नगरपलिकाको सूचना अधिकृतलाई असोज १८, २०७८ मा पत्र लेखी नगरसभाले स्वीकृत गरेको हटिया बजार भत्काउँने निर्णय र उक्त बजारको जग्गामा शपिङ मल बनाउने विस्तृत परियोजना प्रतिको माग गरेका छौ । तर, नगरपालिकाले अहिलेसम्म हामीहरूलाई कागजात उपलब्ध गराएको छैन । नगरसभाका सदस्यहरूसँग बुझ्दा नगरसभाले हटिया बजार भत्काउँने र त्यसको स्थानमा शपिङ मल बनाउने कुनै निर्णय गरेको छैन । नगरसभाले बजारबारे कुनै निर्णय नगरेको अवस्थामा नगरपालिकाको मेयरको कमिकमजोरीलाई ढाकछोप गरी हतार हतारमा बल प्रयोग गरी बजार भत्काउँने गलत उद्देश्यका साथ असोज २४, २०७८ को बैठकको निर्णय भएको प्रष्ट छ ।

५. उक्त बैठकको निर्णय नं ४ बजारका व्यापारी र महिला व्यवसायी र किसान व्यापारी र आम जनता लाई आतंकित गर्ने प्रकृतिको छ । बैठकको निर्णय नं ४ जनताको शान्ति सुरक्षा खल्बलाउने र जनतालाई आतंकित गर्ने अत्यन्त संवेदनशील प्रकृतिको भएकोले उक्त निर्णयप्रति हामीहरूको गम्भीर ध्यनाकर्षण भएको छ । मेयर, उपमेयर, जनपद र सशस्त्र प्रहरीबलका एसपी, डीएसपी र जिल्लाका अनुसन्धान निर्देशकसमेत सहभागी भएको उक्त बैठकको निर्णयको बुँदा नं ४ मा भनिएको छ, ‘कानुन कार्यान्वयन गर्नुपर्ने अवस्थामा सर्वपक्षीय सहयोग पुर्याउन ।’ निर्णयमा यस्तो भाषाको प्रयोग लहानबजार बचाउँने शान्तिपूर्ण अभियानमा लागेका अभियन्ता र बजारका मानिसलाई आतंकित पार्दै उनीहरूको भविष्यमा दमन गर्नका लागि गरिएको प्रष्ट छ । एउटा गैरकानुनी बैठकले कानुनको सुरक्षाको नाममा कथित सर्वपक्षीय सहयोग देखाई जनताको दमन गर्ने नियतका साथ गरिएका निर्णय हास्यास्पद पनि छ ।



सरिता गिरी

जनतालाई आतंकित पार्ने यस्तो दमनकारी निर्णयमा कांग्रेस, एमाले, जसपा र माओवादी केन्द्रका सदस्यहरूको हस्ताक्षर देख्दा पनि हामी हतप्रभ भएका छौँ । निर्वाचित स्थानीय तह विद्यमान रहेको अवस्थामा दलीय संयन्त्र देखाई सीडीओ स्वयंले शासन गर्ने नियत एकदम गलत हो र यो उत्तरदायी सरकारको अवधारणाविपरीत छ ।

६. गुदरी बजारमा अदालतको आदेशको अवहेलना गर्दै भदौं ३० गते र असोज १२ गतेको घटनासँग सम्बन्धित लहान इलाका प्रहरीमा घाइते र पीडितहरूले दिएको जाहेरीलाई तत्काल दर्ता गरी त्यसमाथि अविलम्ब कारबाही अगाडी बढाउन हामी लहान इलाका प्रहरी कार्यालयसँग माग गर्दछौँ ।

७. अन्तमा विजया दशमी, तिहार र छठ पर्वका लागि शुभकामना व्यक्त गर्दछौँ । साथै, माँ दुर्गाले हामी सबैको कल्याण गरून् र अन्याय र असत्यको विरूद्ध संघर्ष गर्न हामीहरूलाई शक्ति प्रदान गरून् ।

# जसपा छाड्ने कुरा छैन : सांसद प्रदीप यादव

वीरगञ्ज । जनता समाजवादी पार्टीका नेता एवं संघीय सांसद प्रदीप यादवले पार्टीलाई आगामी दिनमा विगतझैँ एक ढिक्का बनाएर लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । वीरगंजमा आयोजित शुभकामना अदानप्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै उनले पार्टी भित्र र बाहिर अनेक भ्रमको खेतीपाती भए पनि आफू पार्टी भित्रै संघर्ष गरेर पार्टीलाई एक ढिक्का बनाएर लैजाने उद्घोष गरेका हुन् । उनले पार्टी भित्रै संघर्ष गरी नेतृत्व पङ्क्तिलाई सघाउने प्रतिबद्धता जनाएका छन् । ‘२०६४ सालदेखि यो पार्टीलाई पर्सामा खडा गरेको छु,यो पार्टी मेरो लागि घर हो,नेता कार्यकर्ता इँटा,सिमेन्ट र छठ जस्तै जस्तै सब सँग मिलेर निर्माण गरेका हुँ,,’ उनले भने, ‘केही राजनीतिक दलका नेताहरूले भनिरहेका छन्, प्रदीप यो पार्टीमा गइरहेको छ,त्यो पार्टीमा गइरहेको छ, तर त्यो सबै भ्रम छर्ने काम मात्र हो ।’ उनले कार्यक्रममा आयोजना भएकोमा जिल्लाकै पार्टी भित्रका केही नेताले नेता कार्यकर्तालाई कार्यक्रममा नआउन फोन समेत गरेको र रातभरि एउटा गुटले जाग्राम नै बसेर कार्यक्रम प्रभावित गर्ने षडयन्त्र गरेको तर उनीहरूको षडयन्त्र विफल भएको पनि औँल्याए । उनले पार्टी अध्यक्षको बारेमा बोल्ने अन्य नेताहरूलाई मुखमै जवाफ फर्काउने गरेको तर आफ्नै पार्टीमा ४ वर्ष पहिले आएका नेताहरूले मौनता साँध्नु दुखको कुरा भएको पनि कार्यकर्ताहरूलाई जानकारी गराएका थिए । पार्टीका केही गुटका नेताहरूलाई गरिरहेको षडयन्त्रबाट पार्टीका नेतालाई सचेत रहन आग्रह समेत गरे ।

उनले भने,‘जसपाबाट पर्साले मन्त्री नपाएपछि केही युवा,विद्यार्थीले पुतला दहन गरे,त्यो शैली मिल्दैन,तर आफ्नै युवालाई सम्झाउनुभन्दा कारबाही गर्ने तर्फ केही नेताहरूको ध्यान छ, त्यो गलत हो,सच्चिएर हिँड्नुपर्छ ।’ उनले जसपाका नेता कार्यकर्ताले एकजुट भएर काम गर्दै गएमा अगामी दिनमा पार्टीले पर्साका नेता कार्यकर्तालाई अवश्य मूल्याङ्कन गर्ने आश्वासन दिए । ‘पर्साले किन पाएन मन्त्रालय,मलाई अध्यक्षज्यूसँग केही भन्नु छैन, तर हामीले आजको कार्यक्रमबाट एकताको सन्देश लिएर अघि बढ्नु पर्छ,’ उनले भने, ‘पार्टीको हित विपरीत काम गर्ने बहुरूपिया नेताहरू आफैँ पाखा लाग्छन् ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### उपेन्द्र यादवको पुतला जलाइयो

वीरगन्ज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र पार्टीको झण्डा जलाइएको छ । जसपाकै नेता कार्यकर्ताहरूले उपेन्द्रविरूद्ध नाराबाजी गर्दै पुतला जलाउनुको साथै पार्टीको समेत जलाइएको हो । वीरगन्जका प्रभावशाली युवा नेता तथा पर्सा निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सांसद प्रदीप यादवलाई मन्त्री नबनाएको भन्दै नेता कार्यकर्ताहरू नाराबाजी गर्दै आक्रोश पोखेका छन् । आक्रोशित नेता कार्यकर्ताहरूले ‘उपेन्द्र कुता मार जुत्ता’ र ‘काला नाग उपेन्द्र यादव मुर्दावाद’ भन्दै युवाहरूले पुतला जलाएका छन् ।

### भुवन कुमारी स्मृति पुरस्कार रायमाझीलाई

रूपन्देही । लुम्बिनी प्रेस क्लब भुवनकुमारी स्मृति पर्यटन पुरस्कार २०७७ बाट पत्रकार कमल रायमाझी सम्मानित भएका छन् । पत्रकार कुलमणि ज्ञवालीको संयोजकत्वमा संकृतिविद् प्रा.डा. गितु गिरी, पर्यटन कार्यलय भैरहवाका प्रमुख र क्लबका कार्यसमिति सदस्य शशी पन्थी सहितको मूल्याङ्कन उपसमितिले रायमाझीलाई पर्यटन पुरस्कार प्रधान गर्न सिफारिस गरेको थियो । भैरहवा क्षेत्रमा रहेर १३ वर्षदेखि निरन्तर पत्रकारीता गर्दै आएका रायमाझी फिचरलेखन, खोज तथा अनुसन्धानमुलक लेख र समाचार गरी लुम्बिनी, तिलौराकोट र रामग्राम सम्मका पर्यटकीय क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि पहिचान झल्कने गरी सम्प्रेसण गरेकोले उक्त पुरस्कार प्रदान गरेको मूल्याङ्कन समितिले जनाएको छ । का सदस्य प्रा.डा. गितु बताए । अग्रज पत्रकार नारायणप्रसाद सापकोटाले आफ्नो आमाको सम्झनामा स्थापना गरेको पर्यटन पुरस्कारबाट यस अघि पत्रकार दिपेन्द्र बडुवाललाई प्रदान गरिएको थियो ।

### गाडीले ठक्कर दिदा एकको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१० गणेशमान चोकमा बा.१४ च १३८७ नम्बरको गाडीले भे.८ प ७८०४ नम्बरको मोटरसाइकल र एक साईकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । आइतबार राति गाडीले ठक्कर दिँदा साइकलमा सवार सोही ठाउँ बस्ने ४२ वर्षीय अर्जमान ईद्रिसीको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नर्सिङहोम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकल चालक र साईकल चालकको सोही नर्सिङहोमना उपचार भइरहेको छ । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### नियन्त्रित लागूऔषधसहित युवक पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१५ स्थित २ नम्बर ढाटबाट नियन्त्रित लागूऔषध ८ एम्पुल ऐभिल, ८ एम्पुल लुपिजेसिक, ६ एम्पुल फेनारगन र ६ एम्पुल डाइजेल्याबसहित एक युवक पक्राउ परेका छन् । सुनसरी ईटहरी उपमहानगरपालिका-१० बस्ने २१ वर्षीय बिरेन खवासलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

### कपिलवस्तुमा चार जनाको घरबाट चोरी

कपिलवस्तु । शिवराज नगरपालिका-५ चन्द्रौटा बजार बालापुर मोड बस्ने ध्रुवराज सापकोटा लगायत ४ जनाको घरबाट विभिन्न धनमाल चोरी भएको छ । सुनका विभिन्न गहना, नगद जम्मा ४ लाख ६८ हजार रूपैयाँ, ३ वटा मोटरसाइकल, टिभी र विभिन्न कम्पनीको मोबाईल शनिबार राति चोरी भएको छ । दशै मनाउन पहाड घर गएको अवस्थामा उनीहरूको घरमा चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय चन्द्रौटाबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ट्याङ्करबाट करिब १२० केजी गाँजा बरामद

पर्सा । वीरगञ्ज महानगरपालिका-२५ आइसिपि गेट नजिक रोकी राखेको भारतीय एनएल ०१ के ०७५४ नम्बरको ग्याँस बोक्ने ट्याङकरबाट करिब १ सय २० केजी अवैध लागूऔषध गाँजा बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ । ट्याङकरमा लागूऔषध लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा उक्त गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार रहेका ट्याङ्कर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### धारिलो हतियार प्रहार गर्ने २ जना पक्राउ

रौतहट । गौर नगरपालिका-५ कोईरीया टोल बस्ने १८ वर्षीय मोहमद कैपलाई धारिलो हतियार चक्कु प्रहार गरी गम्भीर घाइते बनाएको अभियोगमा २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय जितु कुशवाहा र २२ वर्षीय सत्य कुशवाहा रहेका छन् । उनीहरूले पुरानो रिसिबीको कारण मोहमदलाई चक्कु प्रहार गरी घाइते बनाई फरार भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै घाइते मोहमदलाई जिल्ला सरकारी अस्पताल गौरमा सामान्य उपचार पश्चात थप उपचारको लागि वीरगंजतर्फ लगिएको छ ।

### करेन्ट लागेर १३ वर्षीय किशोरको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-४ बस्ने जयलाल भण्डारीको छोरा १३ वर्षीय प्रकाश भण्डारीको करेन्ट लागेर मृत्यु भएको छ । शनिबार साँझ सोही नगरपालिका-६ स्याउले बस्ने उनकै फुपू बिनु रिमाल जैशीको घरमा मोटरको तार जोड्ने क्रममा करेन्ट लागेको थियो । करेन्ट लागेर अशक्त भएका उनको लम्कीचुहा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### करेन्ट लागेर महिलाको मृत्यु

बाँके । बैजनाथ गाउँपालिका-४ एकासिनगर बस्ने ४४ वर्षीया ईन्द्रमाया कवरको करेन्ट लागेर मंगलबार बिहान मृत्यु भएको छ । हावाहुरीको कारण उनकै बारीमा जुडिएको बिद्युतको तारबाट करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

### रौतहटमा नगद तथा गहना लुटपाट

रौतहट । गरूडा नगरपालिका-७ पिपरीया दोस्तीया बस्ने ४५ वर्षीया चम्पा देवीको घरबाट नगद ३ लाख रूपैयाँ, ३ तोला सुन र ५ तोला चाँदी लुटपाट भएको छ । करिब १० जनाको समूहमा आएका अपरिचित व्यक्तिहरूले मुलगेटको भेन्टिलेशनको जाली फुटाई प्रवेश गरेर धारिलो हतिहारले चम्पा देवी र उनका छोरा २५ वर्षीय पवन यादवलाई प्रहार गरी घाइते बनाई धनमाल लुटी फरार भएको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गरूडाबाट खटिएको प्रहरीले घाइतेलाई उपचारको लागि गरूडास्थित अनामिका हस्पिटलमा पठाएको छ ।

### बेपत्ता दूईको शव फेला

कपिलबस्तु । कपिलबस्तु जिल्लाको बुद्धभुमि नगरपालिका १० ढडिहवा स्थित घोराही खोलाले बगाएर बेपत्ता भएका एक जनाको शव सशस्त्र प्रहरीले फेला पारेको छ । सोही ठाउँ बस्ने ३० बर्षिया सिता थारू र १४ बर्षिया सृजना थारूलाई सो खोलाले बगाएर बेपत्ता भएको भन्ने जानकारी पाएपछि सशस्त्र प्रहरी बल नेपाल नम्बर २८ गणबाट खटिएको सशस्त्र प्रहरीले सिता थारूको शव फेला पारेको हो । बेपत्ता भएको सृजना थारूको भने खोजीकार्य भइरहेको बताइएको छ । यसैगरी ईलाम जिल्लाको बुङ गाउँपालिका ६ चिसापानीमा कात्तिक ४ गते सशस्त्र प्रहरीले हरिमाया राईको शव फेला पारेको छ । उनि कात्तिक ३ गते बेपत्ता भएको भन्ने जानकारी पाएपछि सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश बाझोबाट खटिएको सशस्त्र प्रहरीले उनको शव फेला पारेको हो ।

### खोला तर्ने क्रममा डुबेर महिलाको मृत्यु

कपिलवस्तु । बुद्धभूमी नगरपालिका-१० बिगगौरी बस्ने ३२ वर्षीया सिता थारूको सोही ठाउँस्थित खोला तर्ने क्रममा बगाएर बुधबार दिउँसो मृत्यु भएको छ । खोला तर्ने क्रममा उनलाई बगाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गोरूसिङगेबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा खोलाबाट १ सय मिटर टाढा शव फेला परेको हो । साथै उक्त खोलाले बगाएर बेपत्ता भएकी सोही ठाउँ बस्ने १३ वर्षीया सिर्जना थारूको प्रहरीले खोजी गरिरहेको छ ।

# इन्टेग्रिटी आईकन नेपाल सार्वजनिक

काठमाडौं । कोभिड-१९ को महामारीले व्यक्तिगत तथा संस्थागत निष्ठाको महत्वलाई अझै उजागर गरिदिएको छ । महामारीले निम्त्याएको जटिलताका बावजुत, हरेक वर्ष जस्तै, यस वर्ष पनि अकाउन्टविलिटी ल्याब नेपालले भर्चुअल माध्यमबाट इन्टेग्रिटी आईकन २०२१ सार्वजनिक गरेको छ ।

इन्टेग्रिटी आईकन, सार्वजनिक सेवामा रहेर जुनसुकै परिस्थितिमा पनि निष्ठापूर्वक जिम्मेवारी बहन गरी उदाहरण प्रस्तुतगर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने र निष्ठापूर्ण समुदाय निर्माण गर्न थलिएको खुला अभियान हो । ८वर्ष अगाडी नेपालबाट सुरू भएको अभियान हाल विश्वका अन्य १४ मुलुकमा पुगिसकेको छ ।

यस वर्षका इन्टेग्रीटी आईकनहरूलाई देशभरीबाट प्राप्त भएका ३३५ मनोनयनबाट निर्णयक समितिले छनौट गरेका थिए । निर्णायक समितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सुर्यनाथ उपाध्याय, प्रशासनविद् काशि राज दाहाल, पूर्व सचिव जीवनप्रभा लामा, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका पूर्व कार्यकारी निर्देशक पुण्य प्रसाद न्यौपाने र प्राध्यापक तथा आइआइडिएस सेन्टर फर गभर्नेन्सका निर्देशक डा. सुचेता प्याकुरेल रहेका थिए । इन्टेग्रिटी आइकन २०२१ का लागि छनौट भएका व्यक्तित्वको संक्षिप्त विवरण यस प्रकार रहेको छः




**१. शिला शर्मा,** नर्सिङ अधिकृत (कोभिड फोकल पर्सन), भेरी अस्पताल, नेपालगञ्ज, बाँके : कोरोना महामारी शुरू हुँदा नेपाल सरकारले आफ्नै निर्देशिका बनाइसकेको थिएन । शर्माले विश्व स्वास्थ्य संगठनको निर्देशिका हेर्दै नमुना निर्देशिका तयार गरेर लागु गरिन् । नर्सहरूलाई तालिमको व्यवस्था गरिन । भेरी अस्पतालमा एउटा हलमात्र कोभिडका बिरामीको लागि छुट्याइएको थियो । उनले ४ ओटा हल र करिडोर पनि प्रयोगमा आउने गरी विस्तार गरेर कोभिड वार्ड बनाइन् । त्यसपछि कोभिडका बिरामी बेड नपाएर फर्केर जानु परेन । उपलब्ध अक्सिजनको समुचित उपयोग होस भनेर अफ ड्युटी नर्सहरू परिचालन गरेर अक्सिजन नपुगेको, चुहावट भएको र बढि प्रयोग भइरहेको बारेमा निगरानी गरिन् ।

**२. मनमाया भट्टराई पंगेनी,** प्रमुख जिल्ला अधिकारी, नवलपुर : उनी जुनसुकै विम्मेवारीमा हुँदा पनि महिलाका मुद्दा प्राथमिकतामा परिन् । स्वास्थ्य सहायक हुँदा स्थानीय भाषा सिकेर महिलालाई स्वास्थ्य परीक्षणको लागि स्वास्थ्य केन्द्रसम्म आउने बनाइन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको महाशाखा प्रमुख हुँदा “मर्यादित महिनावारी” कार्यक्रमलाई आक्रामक रूपमा कार्यान्वयनमा ल्याइन् । अहिले १५०० जना विद्यार्थीलाई आफैले हिंसा, अपराधका बारेमा सचेतना फैलाउन र खुलेर आवाज उठाउन तालिम दिएर परिचालन गरेकी छिन् । त्योसँगै उनले “विकासमा सुरक्षा” नीति प्राथमिकता दिएपछि अहिले जिल्लामा विकास निर्माणका कार्यहरूले तिव्रता पाएको छ ।

**३. चन्द्रकान्त चौधरी,** कृषि अधिकृत, मकवानपुरगढी गाउँपालिका, मकवानपुर : चौधरीले व्यावसायिक खेती, बजार र प्रविधिसँग किशानलाई अभ्यस्त बनाएर एक उदाहरणीय कृषि प्राविधिकको रूपमा आफूलाई प्रस्तुत गरेका छन् । उनले तालिम दिएका किशानले उत्पादन राम्रो गरे । बजारीकरणका लागि कृषि सहकारीलाई कार्यान्वयनमा ल्याए । किशानलाई कारोबार गर्न सजिलो होस भन्नका लागि किशान क्रेडिट कार्ड वितरण गरे, जसबाट किशानले २ लाख सम्मको कारोबार सजिलै गर्न सक्दछन् । फलस्वरूप ८ कट्ठामा खेती गर्ने किशान अहिले ८ बिगाहामा व्यावसायिक खेती गरिरहेका छन् ।

**४. डा. सुमित्रा गौतम**, मेडिकल सुपेरिटेन्डेण्ट, भक्तपुर अस्पताल, भक्तपुर : केही वर्ष अगाडिसम्म धरासयी भक्तपुर अस्पताल डा. गौतमले नेतृत्व सम्हालेपछि प्रदेशकै उत्कृष्ट अस्पताल बनेको छ । सामान्य ड्रेसिङ सम्मको सुविधा मात्र उपलब्ध हुने सिन्धुली अस्पताल उनले नेतृत्व लिएपछि देशकै नमुना अस्पताल बन्यो । रिफरल अस्पतालको रूपमा चिनिएको सिरहा अस्पतालको रूप फेरियो । जसोतसो २०-३० जना सेवाग्राही आउने खजुरा स्वास्थ्य केन्द्रमा उनी गएपछि दैनिक ३०० जति बिरामी आउन थाले । त्यती मात्र नभएर अहिले पनिउनलाई पच्छ्याउँदै टाढा-टाढाका जिल्लाबाट बिरामीहरू भक्तपुर अस्पताल आउने गरेकाछन् ।

**५. डा. लोक बहादुर लोप्चन**, उप-सचिव, भाषा आयोग, काठमाण्डौ : मातृभाषा संरक्षणमा लागिपरेका डा. लोप्चन मातृभाषिलाई खोज्न मात्र पनि देशका कुना-कुना पुगेका छन् । आफ्नै व्यक्तिगत पहलमा भाषिक पहिचान सम्बन्धी नियमित प्रकाशनहरू सार्वजनिक गरिरहेका छन् । भाषा आयोगमा आउनुपूर्व उनले जिल्ला शिक्षा अधिकारी भएर पनि काम गरे । ओखलढुंगामा त उनले हरेक विद्यालय, शिक्षक, विद्यार्थी र विषयका लागि लक्ष्य निर्धारण गरेर कार्यान्वयनमा ल्याए । जसको परिणामा केही विद्यालय प्रदेशमै अब्बल ठहरिए । खोलखामा सट्टा शिक्षक राख्ने शिक्षकलाई शुन्य सहनशीलताका आधारमा कारवाही गरे । पाँचथरमा मिलेमतोमा शिक्षक नियुक्ति गर्ने प्रणालीलाई हटाई परीक्षा समितिद्वारा शिक्षक नियुक्ति हुने प्रणाली स्थापित गरे ।

# लोसपा भविष्यमा सफल हुन्छ : सांसद चौधरी

सप्तरी । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मधेशको मुद्दा लिएर अगाडि बढ्न सहभागीहरूले सुझाव दिएका छन् ।

शुक्रबार लोसपा सप्तरी राजगढ गाउँपालिकाद्वारा आयोजित शुभकामना आदान प्रदान तथा सदस्यता वितरण कार्यक्रममा सहभागीहरूले सो कुरा बताएका हुन् ।

उक्त अवसरमा प्रमुख अतिथि संघीय सांसद चन्द्रकान्त चौधरीले लोसपाप्रति जनताको आकर्षण बढेको बताउँदै जसपाबाट अलग भएर नयाँ पार्टी बनाए पनि जनताको अपार समर्थन र झुकाव रहेको बताएका छन् ।

उनले भने, ‘लोसपाले एउटा उद्देश्य लिएर हिंडेको पार्टीले मधेशीको पहिचान, अधिकारसँगै सबै वर्गको उद्देश्यले पूरा गर्न लोसपाले मात्र गर्ने भएकोले सही बाटोमा लाग्नुपर्ने हुन्छ ।’

सांसद चौधरीले स्थानीय, प्रदेश, संघको चुनावमा जनताले सही बाटोमा लाग्नुपर्ने बताउँदै जसका कारण सबैको अधिकारको सुनिश्चिता गर्न सहयोग पुग्ने बताए ।

उनले भने लोसपाले जनताको मुद्दा लिएर अगाडि बढी रहेकोमा जनताले सन्तोष प्रकट गरेको बताए ।



यसैगरी राजगढ गाउँपालिका वडा २ स्थित बनैनियामा लोसपा केन्द्रीय कार्यकारणी समिति सदस्य पुष्पा ठाकुरले दशैको अवसरमा शुभकामना आदाप्रदानसँगै दर्जनौलाई सदस्यता वितरण गरी पार्टीमा भित्र्याएकी छन् । ठाकुरले जसपा सत्ताको राजनीतिमा लागि सकेको बताउँदै लोसपा मुद्दाको राजनीतिकमा कायम रहेको धारणाहरू आइरहेकोले जनताले लोसपालाई मधेशको मुद्दालाई लिएर अगाडि बढ्ने बताइन् । लोसपा नेता मुसहरू यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा लोसपा नेता राजेन्द्र प्रसाद यादब राजाबाबु, लोसपा नेता गजेन्द्र मण्डल, लोसपा सप्तरी अध्यक्ष सुनिल झा, अमरनाथ मण्डल, लोसपा राजगढ गाउपालिका नेता मुसहरू यादब, राजगढ गापा २ का वडा अध्यक्ष ललित नारायण सिँह लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

यता सोही अवसरमा बनैनिया, नर्घो सहितका विभिन्न पार्टी परित्याग गरी लोसपा पार्टीमा प्रवेश गरेका छन् भने नवप्रवेषीहरूलाई संघीय संसद तथा लोसपा केन्द्रीय कार्यकारणी समिति सदस्य चन्द्रकान्त चौधरी तथा केन्द्रिय कार्यकारणी समिति सदस्य पुष्पा ठाकुर लगायतले फुलमाला, अबिर लगाई पार्टीमा स्वागत गरेका छन् ।

# जनमतको जनजागरण सभा सम्पन्न

रौतहट । जनमत पार्टी गरूडा नगरपालिकाको भिमडाबरमा दशैं, दिपावली तथा छठको शुभ अवसरमा शुभकामना आदान प्रदान तथा जागरण सभा सम्पन्न भएको छ । जनमत पार्टीको केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानूको प्रमुख आतिथ्यतामा, जनमत पार्टी रौतहटको निवर्तमान इन्चार्ज विनय कुमार वर्मा एवं जिल्ला अध्यक्ष रामेश्वर प्रसाद यादवको विशेष आतिथ्यता, युवा नेता रामलाल यादव, जिल्ला उपाध्यक्ष शेख नैमुदिन, जिल्ला सचिव बिकास कुमार यादवको उपस्थिति थियो ।

यस्तै, जिल्ला सदस्यहरू प्रकाश झा, लालबाबु यादव, रामाकन्त ठाकुर, दिलिप पटेल, महिला जिल्ला अध्यक्ष अनिता साह, नगर अध्यक्ष बृजकिशोर पटेल, युवा नेता शिवपुजन यादव लगायत नेताहरूको आतिथ्यमा सम्पन्न कार्यक्रममा भिमडाबरमा भर्खरै पहिलो चार्टर्ड एकाउन्टेन्ट पास भएका धिरेन्द्र यादलाई प्रमुख अतिथिले दोसल्ला ओढाएर सम्मान गरेका थिए साथै स्थानीय क्रिकेट खेलाडीहरूलाई पनि प्रमुख अतिथि द्वारा सम्मान गरिएको थियो ।



कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मल्लिकले गरूडा नगरपालिका भ्रष्टाचार चरमोत्कर्षमा रहेको गरूडा बजार देखि महम्दपुरसम्म यातायात खर्च बापत छबिस-छबिस हजार पटक-पटक व्यक्ति पिछे निकासा भएको लगायत बुँदागत रूपमा कहाँ कहाँ भ्रष्टाचार भएको स्पष्ट गरेका थिए र भ्रष्टतन्त्र र गुण्डाराज अन्त्यका लागि जनमत पार्टीको विकल्प नरहेको बताए ।

कार्यक्रममा बिनय बर्मा, रामेश्वर यादव, रामलाल यादव, बिकास यादव, प्रकाश यादव लगायत नेताहरूले सम्बोधन गरेका थिए कार्यक्रम सञ्चालन मदन यादव ले गरेका थिए भने सभापतित्व वडा अध्यक्ष हरी प्रसाद यादवले गरेका थिए ।

# बढ्दो ब्याजदरप्रति उद्योगीले जनाए आपत्ति

मोरङ । बैंकको बढ्दो ब्याजदरप्रति मोरङका उद्योग संस्थाहरूले आपत्ति जनाएका छन् । उद्योग संगठन मोरङ, नेपाल उद्योग परिसंघ प्रदेश १, विराट व्यापार संघ लगायतले वित्तिय संस्थाले कार्तिक १ बाट लागू हुने गरी वृद्धि गरेको ब्याजदरमा नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराएका छन् । उद्योगीहरूले कोरोना महामारीबाट प्रताडित उद्योग विस्तारै लयमा फर्कंदै गर्दा उत्पादन लागतमा प्रत्यक्ष दबाब बढ्ने गरी ब्याजवृद्धि गरिनु आपत्तिजनक भएको जनाएका छन् ।

उद्योगी व्यवसायीहरूले वर्तमान अवस्थामा बृद्धि गरिएको ब्याजदरलाई पुनरावलोकन गर्दै कर्जाको ब्याजदर एक अंकमा नबढ्ने गरी निर्धारण गर्न मागसमेत गरेका छन् । उद्योग संगठन मोरङले विकास खर्च न्यून रहेको हुँदा सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था गरी बजारमा नगद प्रवाह बढाउनसमेत निकायलाई सुझाव दिएको छ । त्यसैगरी, कुल कर्जामध्ये उत्पादनमूलक क्षेत्रमा प्रवाह हुने कर्जा लगानीलाई सहज र सरल प्रक्रियाबाट प्रवाह गर्ने व्यवस्था गरी अनुत्पादक क्षेत्रको लगानी घटाउन संगठनले जोड दिएको छ ।

## रानी जमराबाट विद्युत उत्पादन हुने

कैलाली । कैलालीमा निर्माणाधीन राष्ट्रिय गौरवको रानी-जमरा कुलरिया सिँचाइ आयोजनाको मुख्य नहरको पानीबाट विद्युत् उत्पादन गर्ने काम अन्तिम चरणमा पुगेको छ। रानी जमरा कुलरिया आयोजनाको नहरमा आउने पानीबाट मूल नहरमै पावर हाउस निर्माण गरी विद्युत् उत्पादन गर्न लागिएको हो। ७ मिटर हेडबाट पानी खसालेर ३ वटा टर्बाइन जडान गरेर विद्युत् निकालिने सिँचाइ आयोजनाका सिनियर डिभिजनल इन्जिनियर विदुरमान श्रेष्ठले बताए। उनका अनुसार नहरबाट बिजुलीका लागि जलविद्युत् योजना निर्माणको लागत १ अर्ब ५ करोड हो। श्रेष्ठले भने, ‘इलेक्ट्रिकल र मेकानिकलको काम भइरहेको छ।


## नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

## यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

## यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारत र चीनको सैन्य वार्ता असफल



चिनियाँ पक्ष अगाडि पेश गरिएका प्रस्तावमा चिनियाँ पक्षले सहमति नजनाए पछि भारत चीन सैन्य वार्ताको १३ औं सत्र असफल भएको छ। पूर्वी लद्दाख जस्तो हिंस्रक क्षेत्र सम्बन्धि वार्ता असफल भएको छ।

सोमबार विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, " बैठकको क्रममा भारतीय पक्षले शेष क्षेत्रहरू मा भएका विवाद समाधानका लागी रचनात्मक सुझाव दिएको थियो। तर चिनियाँ पक्ष सहमत भएनन्। साथै तिनले कुनै पनि दूरदर्शी प्रस्तावहरू प्रदान गर्न सकेनन्। यस प्रकार बैठकले बाँकी क्षेत्रहरूको समाधान गर्न सकेन।"

आइतबार, भारत र चीनले चुसुल-मोल्दो सीमा बैठक बिन्दुमा १३ औं सैन्य स्तरीय वार्ता बैठक सम्पन्न गरेका थिए। सो बैठकमा पूर्वी लद्दाख का डेपसांग र तातो छहरा जस्ता हिंस्रक क्षेत्र सम्बन्धि वार्ता गरिएको थियो। पूर्वी लद्दाखमा ६ वटा विवादित क्षेत्र छन् जसमध्ये गोगरा, गलवान, र पेंगोग तालको उत्तर र दक्षिण किनारका क्षेत्रमा विवाद समाधान हुने सम्भावना छ। तर डेपसाङ्ग र तातो छहरा जस्ता क्षेत्रमा भने गतिरोध जारी नै छ।

विदेश मन्त्रालय ले जारी गरेको विज्ञप्ति मा भनिएको छ, " बाँकी रहेका सीमा विवाद तथा पूर्वी लद्दाख जस्ता विवादित क्षेत्र समस्या समाधानका लागि बैठक केन्द्रित थियो। भारतीय पक्षले सीमा मा चिनियाँ पक्ष ले एकलौटी ढंगले यथास्थिति परिवर्तन गर्ने र द्विपक्षीय सम्झौताको उल्लंघन गर्न खोजेकोले विवाद भएको प्रष्ट पारेको थियो।"

विदेश मन्त्रालयका अनुसार भारतीय पक्षले बाँकी क्षेत्र विवाद समाधान माथि जोड दिएको थियो। तर पूर्वी लद्दाख जस्ता विवादित क्षेत्र को विषय मा भारतीय पक्षले प्रस्ताव गरेको समधान माथि चिनियाँ पक्ष ले असहमति जनाएको थियो। यस पृष्ठभूमिमा, चिनियाँ पक्षले सीमा क्षेत्रमा शान्ति स्थापना गर्न उचित कदम चाल्नुपर्ने मा भारतीय पक्षले जोड दिएको थियो।

विदेश मन्त्रालयले भन्यो, "दुशान्बेमा दुवै देशका विदेश मन्त्रीबीच भएको बैठक अनुसार प्रदान गरिएको मार्गदर्शन अनुसार चीनले उचित कदम चाल्नुपर्ने हुन्छ। र चिनियाँ पक्षले चाँडोभन्दा चाँडो यस समस्याको समाधान गर्नु पर्दछ।" यद्यपी सञ्चार कायम राख्न र जमिनमा स्थिरता कायम राख्न दुवै पक्ष सहमत भएका छन्।

विदेश मन्त्रालयले भनेको छ, 'चिनियाँ पक्षले द्विपक्षीय सम्बन्धको समग्र परिप्रेक्ष्यलाई ध्यानमा राख्ने र द्विपक्षीय सम्झौता र मापदण्डको पूर्ण रूपमा पालना गर्दै बाँकी रहेका मुद्दाहरूको प्रारम्भिक समाधानको दिशामा काम गर्ने हामीले अपेक्षा गरेका छौं।" *-इण्डिया न्युज नेटवर्क*

# प्राविधिक सहयोगसहित कार्यान्वित रक्षा साझेदारीको समीक्षा

भारत र अमेरिकाले भारत-अमेरिका प्रमुख रक्षा साझेदारी, सैन्यदेखि सैन्यको संलग्नता, आधारभूत रक्षा सम्झौता को कार्यान्वयन, रक्षा अभ्यास, प्रविधि सहयोग र रक्षा व्यापारको सुदृढीकरण मा भएको प्रगतिको समीक्षा गरेका छन्।

दुई देशबीच शुक्रबार वाशिंगटन डीसीमा १६ औं रक्षा नीति समूह (डीपीजी) को बैठक आयोजना भएको थियो।

डीपीजी भारतीय रक्षा मन्त्रालय र अमेरिकी रक्षा विभागको बीचमा द्विपक्षीय रक्षा सहयोगका सबै पक्षको विस्तृत समीक्षा र मार्गदर्शन गर्नको लागि बनाइएको सर्वोच्च आधिकारिक स्तरको संयन्त्र हो।

रक्षा मन्त्रालयद्वारा जारी एक विज्ञप्ति अनुसार दुबै पक्षले रक्षा प्रविधि र व्यापार पहल अन्तर्गत मानव रहित हवाइ प्रक्षेपण (युएभी) को सह-विकास का लागी संयुक्त परियोजनाको समीक्षा गरेका थिए। दुबै पक्षले उच्चस्तरीय रक्षा औद्योगिक सहयोग को लागी भारत मा शुरू गरिएको औद्योगिक सुरक्षा सम्झौता बैठक को स्वागत गरेका छन्।

रक्षा उद्योग मा अवस्थित नवीन पारिस्थितिकी तंत्रको सह-विकास र सह-उत्पादनको लागी निजी र सरकारी सरोकारवालाहरूलाई प्रोत्साहित गर्न दुवै पक्ष सहमत भएका छन्।

अन्तरिक्ष, कृतिम बुद्धिमता, साइबर, र मानव रहित हवाइ विमान प्रविधि जस्ता नँया क्षेत्रमा सहयोग विस्तार गर्न दुवै पक्ष सहमत भएका छन्। बैठकको क्रममा, दुबै पक्षले क्षेत्रीय सुरक्षारू सम्बन्धित दृष्टिकोण र सहयोग साझा गरे भने हिन्द प्रशान्त क्षेत्र मा साझा हितहरू लाई बढावा दिन सँगै काम गर्ने निर्णय पनि लिएका छन्। दुई पक्षले आगामी हुने २+२ मन्त्रीस्तरीय वार्ताको तयारीको समीक्षा गरेका छन्। पारस्परिक सुविधाजनक मिति मा अर्को डिपिजी बैठक भारतमा आयोजना गर्न पनि उनीहरू सहमत भएका छन्।

डीपीजी बैठकमा भारतको नेतृत्व रक्षा सचिव डा अजय कुमारले गरेका थिए भने अमेरिकाको प्रतिनिधित्व डा कोलिन काहलले गरेका थिए। *-इण्डिया न्युज नेटवर्क*

# भारतमा एक अर्बले लगाए कोरोना खोपको पूरा मात्रा

**काठमाडौं।** भारतले आफ्ना एक अर्ब नागरिकलाई कोरोना भाइरसविरूद्धको खोपको पूरा मात्रा दिएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार बिहीबार बिहान ९ बजेर ४७ मिनेटमा एक सय करोड डोज पूरा भएको हो। भारतले गएको जनवरी १६ बाट कोरोना भाइरसविरूद्धको खोप दिन सुरू गरेको थियो। उसले खोपको २० करोड डोज ३१ दिनमा पूरा गरेको थियो। भारतका ७५ प्रतिशत युवा आदिवासीले एक डोज खोप लगाइसकेका छन्। ३१ प्रतिशत आदिवासीले कोरोना भाइरसविरूद्धको खोपको दुवै डोज लगाइसकेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

चीनपछि भारतले खोपको एक सय करोड डोज पुरा गरेको हो। चीनले एक सय करोड डोज सेप्टेम्बरमा पूरा गरेको थियो। भारत सरकारले एक सय करोड डोज पूरा भएको जानकारी दिन खास तयारी गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। यसको लागि रेल, हवाईजहाज र पानीजाहजबाट एक सय करोड डोज पूरा भएको 'लाउड स्पिकर' घोषणा गरिने बताइएको छ। यस्तै शत प्रतिशत कोरोना भाइरसविरूद्धको खोपको डोज पुरा गरेका गाउँहरूलाई भारत सरकारले पोस्टर तथा ब्यानर लगाएर स्वास्थ्य कर्मचारीको सम्मान गर्न आग्रह गरेको छ। एक सय करोड डोज पूरा भएको उपलक्ष्यमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सबै भारतीयलाई बधाई दिएका छन्।




# राजदूत आचार्य र भारतीय कांग्रेस अध्यक्ष गान्धीबीच भेट

नयाँदिल्ली। भारतस्थित नेपाली राजदूत निलम्बर आचार्य र भारतीय काँग्रेसका अध्यक्ष सोनिया गान्धीबीच भेटघाट भएको छ। नेपाल फर्किन लागेका राजदूत आचार्य हाल भारतमा विभिन्न दलका नेता तथा उच्च पदाधिकारी तथा उच्च पदस्थ व्यक्तिहरूसँग भेटघाट गरिरहेका छन्। सो उपलक्ष्यमा विदाई कार्यक्रमहरूको आयोजना गरिँदैछ। यसअघि भारतीय काँग्रेस अर्का नेता राहुल गान्धीले पनि आचार्यको बिदाइको उपलक्ष्यमा कार्यक्रमको आयोजना गरेका थिए।

मंगलबार अध्यक्ष गान्धी निवासमा भएको भेटघाट तथा विदाई कार्यक्रममा दुई देशको सम्बन्धको बारेमा छलफल भएको राजदूत आचार्यले आफ्नो ट्वीटरमा उल्लेख गरेका छन्। असोज ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले राजनीतिक नियुक्तिका आधारमा नियुक्त भएका राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो त्यसमा नीलाम्बर आचार्य पनि परेका हुन्।

# बलिउड नायक सुनील सेट्टी नेपाली चलचित्रमा अभिनय गर्ने

काठमाडौं। बलिउड सुपरस्टार सुनील सेट्टीले नेपाली चलचित्रमा अभिनय गर्ने भएका छन्। निर्देशक मुकुन्द भट्टका अनुसार उनले 'एक्स-९' चलचित्रमा अभिनय गर्ने छन्।

सुनील सेट्टीसँगको तस्बिर पोष्ट गर्दै निर्देशक भट्टले नेपालमा सेट्टीलाई स्वागत छ भनेका छन्। चलचित्रमा उनको भूमिका कस्तो हुने छ त्यो भने निर्देशक भट्टले प्रष्ट पारेका छैनन्।

उक्त चलचित्रमा अनमोल केसी, सौगात मल्ल, अनुपविक्रम शाही, प्रियंका कार्कीलगायतले काम गर्ने छन्। 'एक्स-९' एक्सन थ्रिलर चलचित्र हुने बताइएको छ। उनले यो चलचित्रलाई नेपालकै ठूलो एक्सन थ्रिलर चलचित्र भनेका छन्।

# भारतीय सैन्य टोली मुस्ताङमा

काठमाडौं। नेपाल भ्रमणमा रहेको भारतीय सैन्य टोली मुस्ताङ पुगेको छ। भारतीय सेनाको रियर एड मिरल धिरेन भिगको नेतृत्वमा ३५ जनाको सैन्य टोली बिहीबार नेपाली सेनाको २ वटा हेलिकोप्टरमार्फत मुस्ताङ पुगेको हो।

भारतीय सैनाको टोलीले मुक्तिनाथ दर्शन तथा घरपझोङ–५ कैसाङस्थित सैनिक उच्चशिखर शिक्षालयको अवलोकन गरेको छ। भारतको नयाँ दिल्लीस्थित नेशनल डिफेन्स कलेजमा संञ्चालित 'नेशनल डिफेन्स' कोर्समा सहभागी भारतीय सेनाको टोली अहिले नेपाल भ्रमणमा रहेको छ।

## जिल्ला समाचार

# शम्भु झाले जसपाबाट दिए राजीनामा

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालको मधेश प्रदेश समितिका मुख्यसचिव शम्भु झाले पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको घोषणा गरेका छन्। आइतबार झाले मधेश प्रदेश समितिको मुख्यसचिवसहित पार्टीको सम्पूर्ण जिम्मेबारीबाट राजीनामा दिएको सामाजिक सञ्जालमार्फत् जनाएका हुन्। जसपाका अध्यक्ष उपेन्द्र यादव जनकपुरधाम आएको बेला उनले राजीनामा घोषणा गरेका हुन्। उनले भनेका छन्, 'यो पार्टीमा काम गर्ने आफ्नो योग्यता र क्षमता नभएकोले म जसपाको प्रदेश मुख्यसचिव लगायत पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको छु। म जनता समाजवादी पार्टी मधेश प्रदेश समितिको मुख्यसचिव भएर विगत ५ वर्ष २ महिना देखि काम गरें। मेरो योग्यता र क्षमताभन्दा ठुलो पद मैले पाएँ।' 'म बाँचुन्जेल अन्य कुनै पनि राजनीतिक पार्टीमा जाँदिन। यस पार्टीमा काम गर्ने मेरो योग्यता र क्षमता नभएकोले आजको मिति देखि म जसपाको प्रदेश मुख्यसचिव लगायत पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको कुरा आदरणीय राष्ट्रिय अध्यक्ष तथा प्रदेश अध्यक्षलाई यसै मार्फत जानकारी गराउन चाहन्छु।' उनले भनेका छन्।

# दुई विधेयक पुनः पारित

जनकपुरधाम। प्रदेश २ का तात्कालीन प्रदेश प्रमुख डा. राजेश झा 'अहिराज'ले फिर्ता गरेको दुई विधेयक प्रदेश सभाले पारित गरेको छ। प्रदेश २ का तात्कालीन प्रदेश प्रमुख अहिराजले स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण नगरी फिर्ता गरिदिएका थिए। फिर्ता गरिदिएको विधेयक शुक्रबार बसेको प्रदेशसभाको बैठकले पुनः पारित गरेको छ। दुवै विधेयक सर्वसम्मतले पारित भएको हो। यसअघि यो विधेयक २६ असोज २०७७ मा पारित भएको थियो। विधेयक पारित गर्ने सम्बन्धी आयोजित छलफलमा भाग लिँदै सत्तारूढ जनता समाजवादी पार्टी (जसपा)का सांसद रामाशिष यादवले तत्कालीन प्रदेश प्रमुख झाले राजा बन्न खोजेर यो विधेयक पारित नगरी फिर्ता पठाएको बताए। सामाजिक विकासमन्त्री नवलकिशोर साहले झा प्रदेश प्रमुख बनेर आउँदा विधेयक पारित नगर्ने मनसाय बनाएकै कारण पारित नगरेको आरोप लगाए।

# 'दलगत पत्रकारिताले तथ्य ओझेलमा'

भैरहवा। देश परिवर्तनका लागि पत्रकारिता अपरिहार्य रहेको लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले बताएका छन्। भैरहवामा लुम्बिनी प्रेस क्लबको पर्यटन पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री केसीले पत्रकारहरूले राजनीतिकर्मीहरूलाई लेख रचना तथा समाचारका माध्यमबाट घचघच्याइरहे पर्यटन विकासमा छिट्टै नै फड्को मार्ने भन्दै पर्यटन क्षेत्रमा अब्बल लेख रचना र समाचार सम्प्रेषण गरि पर्यटन विकासमा टेवा पुग्ने बताएका हुन्। उनले भने "पत्रकारिता पेसा सम्मानित रहेको तर आर्थिक रूपले सक्षम नभएकोले पत्रकारिता गर्नु जटिल विषय हो। पत्रकारले सत्य तथ्य प्रमाण सहित समाचार सम्प्रेषण गरेमा मुलुक नै परिवर्तन हुन सक्छ, अहिले मुलुकमा दलगत पत्रकारीता हुँदा वास्तविक र तथ्य कुरा ओझेलमा परेको छ।" रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले पर्यटन नगरिमा रहेर पर्यटन प्रवर्द्धनमा सहयोगी भूमिका निर्वाह गर्न सहयोग गरेको बताउँदै नेपाल सरकारले पनि पर्यटन विकासका सम्भावित ठाउँलाई पहिचान गरि पर्वद्धन गरेमा विकासले फड्को मार्ने बताए। पत्रकारीता पेशा बाहिर देखे जस्तो सहज नभएकोले विविध कठिनाइका वावजुद समाना गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिए।

# नदीमा डुबेर बालकको मृत्यु

रूपन्देही। देवदह नगरपालिका-२ स्थित रोहिणी नदीमा पौडी खेल्ने क्रममा डुबेर एक बालकको मृत्यु भएको छ। सिद्धार्थनगर नगरपालिका-४ बस्ने ११ वर्षीय सानु लोधको शुक्रबार दिउँसो मृत्यु भएको छ। पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उनको शव फेला पारेको हो।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

कैलाली। टीकापुर नगरपालिका-५ पार्करोडस्थित सकडमा से.६ प १९३१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई कल्भर्टमा ठोक्किएर शनिबार दिउँसो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सोही नगरपालिका-१ गणेशपुर बस्ने १८ वर्षीय सुन्दर मगर र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १८ वर्षीय केशव मगर रहेका छन्। दुर्घटनामा गम्भीर घाइते भएका सुन्दरको टिकापुर अस्पताल कैलालीमा उपचारको क्रममा मृत्यु भएको हो भने केशवको सोही अस्पताल हुँदै कोहलपुर मेडिकल कलेजमा थप उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने आशिष मगरको सोही मेडिकल कलेजमा उपचार भइरहेको छ।

# अटो दुर्घटनामा एकको मृत्यु

बाँके। खजुरा गाउँपालिका-३ धौलागिरीस्थित सडकमा भे.१ ह ७०२ नम्बरको अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। शनिबार बिहान दुर्घटना हुँदा अटोमा सवार बाँके खजुरा गाउँपालिका-४ गाउँ बस्ने ४५ वर्षीया प्रेम कला सुनारको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको नसिंङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो। अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# हत्या गरेको अभियोगमा २ जना पक्राउ

कैलाली। आफ्नै पति धनगढी उपमहानगरपालिका-७ बेली बस्ने २५ वर्षीय रमेश चौधरीको हत्या गरेको अभियोगमा उनकै पत्नी २७ वर्षीया अमृता चौधरी र सोही ठाउँ बस्ने २९ वर्षीय बिष्णु चौधरीलाई शनिबार प्रहरीले पक्राउ गरेको छ। रमेश चौधरी शनिबार बिहान सोही ठाउँस्थित खुटिया नदी नजिक मृत अवस्थामा फेला परेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट प्रहरी उपरीक्षक समेतको टोली, सुदूरपश्चिम प्रदेश प्रहरी अनुसन्धान समूह र प्रहरी चौकी कनरीबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा रमेशको हत्या भएको खुल्न आएपछि घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। अमृता र बिष्णुबीच विगत केही वर्षदेखि सम्बन्ध रहँदै आएकोमा शुक्रबार राति रमेशले आफ्नो घर नजिक परालको थुप्रोमा उनीहरूलाई आपत्तिजनक अवस्थामा फेला पारी कुटपिट गर्दा बिष्णुले प्रतिकार गरी अमृताको सहयोगमा घाटी थिची हत्या गरेको र शव बोकेर करिब १ सय ५० मिटर टाढा चौरमा फालेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। उनीहरू उपर कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

# मोटरसाइकल चोरी गर्ने २ जना पक्राउ

पर्सा। वीरगंज महानगरपालिका-१५ बस्ने रामलखन साहको ना.१९ प ६३५५ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। आइतबार पक्राउ पर्नेहरूमा बारा कलैया उपमहानगरपालिका-३ ठेगाना भएका २३ वर्षीय मोहम्द आशिक र सोही ठाउँ ठेगाना भएका २३ वर्षीय आनिष हवारी रहेका छन्। सोही महानगरपालिका-१५ चालिस फिट्टे सडक अगाडिबाट असोज १३ गते उक्त मोटरसाइकल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले खोजी गर्ने क्रममा चोरी भएको उक्त मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी ना.१७ प ८३१८ बनाई चलाइरहेको अवस्थामा वीरगंज महानगरपालिका-१६ बसपार्कमा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। साथै उनीहरूले नक्कली साँचो बनाई मोटरसाइकल चोरी गर्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ। उनीहरू उपर चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# बैंक लुटपाटमा संलग्न थप १ जना पक्राउ

मोरङ। धनपालथान गाउँपालिका-४ स्थित कर्सियाको बिपि चोकमा रहेको सिटिजन बैंकबाट गत असोज २५ गते नगद लुटपाट भएको घटनामा संलग्न रहेको अभियोगमा भारत फारवेसगञ्ज-१० बस्ने २० वर्षीय रोशन यादवलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। साथै सोही घटनामा संलग्न अन्य ३ जनालाई सोही दिन साँझ प्रहरीले पक्राउ गरेको थियो। उक्त बैंकबाट नगद लुटपाट गरेको घटनामा संलग्न रही फरार रहेका राशनलाई सुनवर्षी नगरपालिका-८ सिक्टी नेपाल चोक नजिकबाट प्रहरीले पक्राउ गरेको हो। साथै सोही घटनामा संलग्न रही गत असोज २५ गते पक्राउ परेकामध्ये श्याम मुखियाको कोठाबाट १ थान पेस्तोल, १ थान म्याग्जिन र ५ सय ग्राम अवैध लागूऔषध गाँजा समेत प्रहरीले बरामद गरेको छ। साथै बिराटनगर महानगरपालिका-७ स्थित सेन्ट्रल मल अगाडि रहेको कोटेक्स ट्रेडिङ सप्लायर्सका संचालकलाई हातहतियार देखाई नगद १२ हजार रूपैयाँ लुटपाट गरेको घटनामा समेत सोही समूहका सदस्यहरूको संलग्नता रहेको अनुसन्धानबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# कुशीनगर विमानस्थलबाट नेपालको पर्यटन प्रवर्द्धन हुने




काठमाडौँ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको कुशीनगर जिल्लास्थित कुशीनगर अन्तर्राष्ट्रिय एयरपोर्टको उद्घटन गरेका छन् । भारतीय प्रधानमन्त्री मोदीले बुधबार उक्त एयरपोर्टको उद्घाटन गरेका हुन् । उद्घाटन लगत्तै त्यहाँबाट पहिलो अन्तर्राष्ट्रिय उडान श्रीलंकाको कोलम्बोका लागि गरिएको छ । कुशीनगरमा नवनिर्मित उक्त अन्तर्राष्ट्रिय एयरपोर्टले बौद्ध पर्यटकहरूको आवागमनलाई सजिलो बनाउने बताइएको छ । २६० करोड रूपैयाँको लागतमा ३६०० वर्गमिटरमा फैलिएको टर्मिनल भवनसहित कुशीनगर एयरपोर्टको निर्माण भएको हो । नयाँ टर्मिनल ३ सय यात्रुहरूलाई सजिलै आउन जान सुविधा प्रदान गर्ने क्षमताको रहेको छ । कुशीनगर एक अन्तर्राष्ट्रिय बौद्ध तीर्थ केन्द्र हो । जहाँ भगवान गौतम बुद्धले महापरिनिर्वाण प्राप्त गरेका थिए । यो स्थल बौद्ध सर्किटको एक केन्द्रबिन्दु पनि हो । बौद्ध सर्किटमा कुशीनगरको अलावा लुम्बिनी, सारनाथ र गयाको तीर्थस्थलहरू सामेल छन् । यो एयरपोर्टले बौद्ध धर्मका अनुयायीहरूलाई विदेशबाट लुम्बिनीमा पुर्याउन समेत भूमिका निर्वाह गर्नेछ जसले लुम्बिनीको पर्यटन विकासमा ठूलो मद्दत गर्नेछ । साथै बौद्ध सर्किट लुम्बिनी, बोधगया, सारनाथ, कुशीनगर, श्रावस्ती, राजगीर, संकिसा तथा वैशालीको यात्रा यो एयरपोर्टले अब कम समयमा पूरा गर्न सकिनेछ । कुशीनगर अन्तर्राष्ट्रिय एयरपोर्टले विश्वका विभिन्न देशहरूबाट आउने तीर्थयात्रीहरूलाई यो क्षेत्रका विभिन्न बौद्ध स्थानसँग जोड्न मद्दत र गर्नेछ । यस एयरपोर्टले एसियाली देशहरू श्रीलंका, जापाम, ताइवान, दक्षिण कोरिया, चीन, थाइल्याण्ड, भियतनाम र सिंगापुरबाट आउने पर्यटकलाई लुम्बिनी क्षेत्रमा ल्याउन ठूलो भूमिका निर्बाह गर्नेछ ।

# भारतीय सैन्य टोली र भारतीय राजदूतबीच अन्तरक्रिया

काठमाडौं । नेपाल भ्रमणमा रहेको भारतको राष्ट्रिय रक्षा महाविद्यालयको प्रतिनिधिमण्डलले सोमबार भारतीय राजदूत विनयमोहन क्वात्रा तथा दूतावासका अन्य अधिकारीसँग अन्तरक्रिया गरेको छ । भारतीय सेनाका रियर एडमिरल धिरेन भिग नेतृत्वको उक्त प्रतिनिधिमण्डललाई दूतावासका अधिकारीले नेपाल-भारतको सैन्य सहकार्यलगायतका विविध विषयमा ब्रिफिङ गरेका थिए । प्रतिनिधिमण्डललाई भारतीय राजदूत क्वात्राले स्वागत गरेका थिए । टोलीको औपचारिक भेटवार्ता मंगलबारदेखि सुरू हुने प्रवक्ता पौड्यालले जानकारी दिए । ३९ सदस्यीय प्रतिनिधिमण्डलले रक्षामन्त्री मिनेन्द्र रिजाल, अर्थमन्त्री जनार्दन शर्मा र परराष्ट्रमन्त्री नारायण खड्कासँग भेट्ने कार्यक्रम रहेको नेपाली सेनाले जनाएको छ । सात दिने नेपाल भ्रमणका क्रममा भारतीय प्रतिनिधिमण्डलले नेपाली सेनाको मुख्यालय, मध्य कमाण्ड हेडक्वार्टर पोखरा र कमाण्ड तथा स्टाफ कलेज शिवपुरीको भ्रमण गर्नेछ । भारतको नेसनल डिफेन्स कलेजका अधिकारीहरूले नेपाली सेनाका अधिकारीहरूसँग साक्षातकार गर्नेछन् । त्यसका अलावा टोलीले पशुपतिनाथ र मुक्तिनाथको पनि दर्शन गर्नेछ । काठमाडौं चन्द्रागिरी तथा नारायणहिटी संग्रहालयको समेत प्रतिनिधिमण्डलले अवलोकन भ्रमण गर्नेछ । नाम्चेस्थित होटल एभरेस्ट भ्यूको अवलोकन गर्ने पनि कार्यक्रम छ । नेपाली सेनाले विगतमा पनि मित्रराष्ट्रसँग यसखालका भ्रमण आदानप्रदान हुने गरेको उल्लेख गरेको छ । 'विगतमा पनि मित्रराष्ट्रमा उच्चस्तरका तालिममा सहभागी शिक्षार्थीहरूले नेपालको भ्रमण गर्ने तथा नेपाली सेनामा सञ्चालित कमाण्ड तथा स्टाफ तालिमका शिक्षार्थीहरू पनि मित्रराष्ट्रहरूको भ्रमण गर्ने परम्परा रही आएको छ' नेपाली सेनाले विज्ञप्तिमा भनेको छ 'छिमेकी मित्रराष्ट्रका सैनिक अधिकारीहरूको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सबन्धलाई अझ सुमधुर एवं बृहत्तर पार्न थप मद्दत पुग्ने तथा दुई देशबीच आपसी हित र पारस्परिक सम्बन्ध समेत सुमधुर तथा प्रगाढ हुने विश्वास नेपाली सेनाले लिएको छ ।' भ्रमण सकेर प्रतिनिधिमण्डल कात्तिक ६ गते स्वदेश फर्किनेछ ।

## भारतको सैन्य टोलीद्वारा जङ्गी अड्डाको भ्रमण

काठमाडौं । नेपाल भ्रमणमा रहेको भारतको नेसनल डिफेन्स कोर्स-२०२१ को भ्रमण दलले मंगलबार नेपाली सेनाको जङ्गी अड्डामा भ्रमण गरेको छ । जङ्गी अड्डामा आयोजित एक कार्यक्रमकाबीच प्रधान सेनापति महारथी प्रभुराम शर्माले उक्त भ्रमण दलका प्रमुख तथा रियर एडमिरल धिरेन भिगसँग आफ्नो कार्यकक्षमा शिष्टाचार भेटवार्ता गरेका थिए । भेटपछि नेपाली सेनासम्बन्धी विषयहरूमा प्रस्तुतीकरण र अन्तरकृयाको कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सुरूवातमा प्रधान सेनापति शर्माले आफ्नो स्वागत मन्तव्य राख्दै यस्तो भ्रमणबाट दुई देशका सेनाका बीच रही आएको सम्बन्धको सुदृढीकरण गर्न तथा द्विपक्षीय सुरक्षा चासोका विषयहरूको सम्बोधनमा टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए ।

## आर्थिक समाचार

### बैंकमा खाता खोल्दा ब्यालेन्स र ग्लोबल स्मार्ट प्लस चलाउन डाटासहितको सहयात्री सिमकार्ड सित्तैमा




काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र एनसेल एक्जियाटा लिमिटेड (एनसेल)बीच बैंकको ग्लोबल सहयात्री रेमिट्यान्स बचत खातावाल ग्राहकहरूलाई ब्यालेन्स र मोबाइल बैंकिङ्ग एप्लिकेसन 'ग्लोबल स्मार्ट प्लस' चलाउनका निम्ति डाटासहितको सहयात्री सिमकार्ड सित्तैमा उपलब्ध गराउने समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र एनसेल एक्जियाटा लिमिटेडका कार्यकारी निर्देशक एण्डी चोङले मंगलबार हस्ताक्षर गरेका छन् । उक्त सम्झौताअनुसार वैदेशिक रोजगारीका लागि विदेश जाने, वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरू एवम् उनीहरूका परिवार र बाह्य रेमिट्यान्समार्फत आय भएका नेपालीहरूले ग्लोबल आइएमई बैंकमा ग्लोबल सहयात्री रेमिट्यान्स बचत खाता खोली निशुल्क सहयात्री सिमकार्ड प्राप्त गर्न सक्नेछन् । उक्त सहयात्री सिममा'ग्लोबल स्मार्टप्लस'प्रयोग गर्न २५० एमबी डाटा प्याक निशुल्क उपलब्ध हुनेछ । यसैगरी सहयात्री सिमकार्डमा रू. २० मेन ब्यालेन्स, एनसेल नेटवर्कभित्र फोन गर्न २० मिनेटको टकटाइम, २० वटा एसएमएस तथा २०० एमबी डाटा प्राप्त हुनेछ । यसका साथै सिम सुचारू गरिएको २ दिनभित्र रू. १०० वा सो भन्दा माथिको रिचार्जमा १०० मिनेट एनसेल टकटाइम तथा १०० एमबी डाटा पनि पाइनेछ । सहयात्री सिमकार्ड प्रयोगकर्ताहरूले १ वर्षसम्म हरेक पटक रिचार्ज गर्दा १० प्रतिशत बोनस तथा भारत, मलेसिया एवम् मध्यपूर्वी राष्ट्रहरूमा कल गर्दा अतिरिक्त छुट पनि प्राप्त गर्नेछन् । बैंकले समय-समयमा यस्ता विभिन्न किसिमका योजनाहरू ल्याई आफ्ना ग्राहकहरूलाई विस्तारित बैंकिङ्गका साथसाथै अन्य सेवाहरू प्रदान गर्दै आएको छ ।

## धानको...

अर्थतन्त्रमा प्रभाव पार्ने विज्ञहरू बताउँछन् । प्रदेशभर गत वर्ष १२ लाख ४९ हजार ५ सय ४० मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष धान उत्पादन केही प्रतिशत बढ्ने विश्वास व्यक्त गरिए पनि वर्षाले क्षति पुऱ्याउने अवस्था देखिएको छ ।

न जल न मल

प्रदेश २ को खेती प्रणाली मनसुनमै आधारित छ । पर्याप्त सिँचाइ सुविधा नहुँदा रोपाइँका लागि मनसुन नै कुर्नुपर्छ । मनसुनमा सन्तुलन कायम नहुँदा यहाँका किसान पिरोलिन्छन् ।

मधेशका किसानको साझा पीडा बनेका मल र जलको व्यवस्थापनमा तीनै तहको सरकार बिफल बनिसकेको छ । केन्द्र सरकार किसानको पीडाप्रति सोचेजस्तो गम्भीर छैन भने प्रदेश सरकार किसानको पीडामा मलम लगाउन सकेको छैन । प्रदेश २ का प्रदेशसभा सदस्यहरूले प्रदेशमा समृद्धिको आधार कृषि रहेको भन्छन तर किसानको धान खेतमै डुब्दा उनीहरू चुप छन् । प्रदेशसभाको पहिलो बैठकदेखि नै सदस्यहरूले प्रदेश समृद्ध बनाउन समुचित सिँचाइ र कृषि उत्पादन बढाउन व्यावसायिक कृषि प्रणालीमा जोड दिँदै आएका थिए । समृद्ध प्रदेश बनाउने सपना कृषिबाट मात्र सम्भव रहेको नेताहरूको भनाइ बोलीमा मात्र सीमित यति खेर प्रमाणित भएको छ ।

मधेशमा जमिन जोतेर अन्न उत्पादन गर्ने समुदायको पीडालाई सरकारले सम्बोधन गर्न नसक्दा अन्न निर्यात गर्ने मधेश अहिले अन्न किनेर खानुपर्ने अत्यासलाग्दो अवस्थामा पुगेको छ ।

प्रदेश सञ्चालन र आर्थिक भार वहन गर्न सक्ने अधार कृषि भएकाले सरकारको प्रमुख प्राथमिकता कृषि उत्पादन बढाउनेतर्फ हुनुपर्ने अगुवा किसानहरूको भनाइ छ । बेमौसमी वर्षाले बाली नष्ट भएका किसानका लागि विशेष राहत प्याकेज उपलब्ध गराउन प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले केन्द्र सरकारसँग माग गरे पनि उनीसँग आफै कुनै योजना भने छैन ।

## अन्नदाताहरू...

किसानहरूको पीडाबारे बोल्दै उनले भने, 'अहिले किसानको पीडा सुनिदिने वा बोलिदिने कोही भएन । हामी सबै नेपालीहरू जहाँ र जसरी भएपनि किसानहरूका लागि मुट्ठिदान गरौं । तपाइँ हाम्रो सहयोग र साथले किसानका अनुहारमा खुशी आउँछन् ।'

उनले हाम्रा अन्नदाताको आँशु पुछ्न, अनुहारमा खुशी ल्याउन र खानको व्यवस्था गरिदिन नेपालीहरू सक्षम रहेको बताउँदै सबै चाह्यो भने यो असम्भव नरहेको जिकिर गरेका छन् । 'म सबै नेपालीहरूलाई हात जोडेर बिन्ती गर्न चाहन्छु कि किसानहरूलाई परेको यो पीडा र दुःखमा हामी साथ दिऔं,' उनले भनेका छन् ।

उनले हाम्रा अन्नदाताहरू मारमा पर्दा कोही पनि मौन बस्न नहुने धारणा राखेका छन् । 'हामी तपाइँसँग छौं भन्ने किसानलाई हौसला दिनका लागि अब घरबाट पाइला बाहिर निकाल्नुपर्ने आवश्यकता छ', उनले भनेका छन् ।


प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं ।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं